म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३०८ बुधवार ६ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 21 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**स्तनपानः बालबालिकालाई वरदान**

- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमती प्रदेशको बजेटमा निजीक्षेत्र बेखबर

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/असार १ गते वागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेट प्रदेशसभामा ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँको बजेट ल्यायो । चालू आर्थिक वर्षमा ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटको आकार ८ अर्बले घटाएको हो ।

सरकारले बजेट प्रस्तु गरेको आज पाँच दिन भइसक्यो । प्रदेश सरकारले पेस गरेको बजेटको बारेमा भने मकवापुरका निजी क्षेत्रहरुले अध्ययन गर्नु त कहाँ हो कहाँ बजेटको बारेमै अनभिज्ञता देखाएका छन् । वागमतीको बजेटप्रति अहिले समर्थन र विरोध भइरहेको बेलामा मकवानपुरका निजी क्षेत्रका छाता संगठनलाई निजी क्षेत्र समेट्ने खालका के कस्ता बजेट आयो अझै अन्यौलमा देखिएको हो ।

उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागतराज प्याकुरेल वैदेशिक भ्रमणमा छन् । वरिष्ठ उपाध्यक्ष बद्रीनाथ शर्माले प्रदेश सरकारले ल्याएको बजेटमा बोल्न चाहेनन् । उनले महासचिव किशोर अर्यालको सम्पर्क नम्वर दिएर पन्छिए । उद्योग संघ मकवानपुरका महासचिव अर्याललाई साझाकुराले बजेटबारे के छ धारणा ? भनेर प्रश्न गर्दा उनले अध्ययन गर्न बाँकी रहेको बताए । 'अध्ययन गर्न बाँकी नै छ । यसबारेमा हामी अध्ययनसँगसँगै उद्योग संघका साथीहरुसँग छलफल गरेर आफ्नो



धारणा राख्नेछौं,' अर्यालले भने ।

त्यसैगरी, बजेटबारेमा धारणा लिन निर्माण ब्यवसायी संघ मकवानपुरका निवर्तमान अध्यक्ष श्यामसुन्दर ढकाललाई सम्पर्क गर्दा उनले पनि अध्ययन गर्नै बाँकी रहेको बताए । आफू हेटौंडा बाहिर भएकोले अध्ययन गर्न बाँकी रहेको निवर्तमान अध्यक्ष ढकालले साझाकुरालाई बताए । त्यस्तै संघका अध्यक्ष बालगोपाल कँडेललाई सम्पर्क गर्दा उनी पनि काठमाडौंमा रहेको जानकारी दिए । बागमती प्रदेश सरकारको बजेटको बारेमा राम्रोसँग अध्ययन गर्न बाँकी रहेकोले अहिले तत्काललाई कुनै प्रतिक्रिया दिन नसकिने कँडेलले जानकारी दिएका छन् ।

घरजग्गा व्यवसायी संघका अध्यक्ष कमल मैनालीलाई सम्पर्क गर्दा उनले संघका उपाध्यक्षलाई सम्पर्क गर्न आग्रह गर्दै उपाध्यक्ष पवन तिमल्सिनाको सम्पर्क नम्वर दिएर पन्छिए ।

साझाकुरा प्रतिनिधिले उपाध्यक्षको सम्पर्क नम्वर प्राप्त भएपछि बजेटबारे धारणा लिन खोज्दा उनलाई भने प्रदेश सरकारले ल्याएको बजेटबारे थाहा नै नभएको बताए । 'बजेट कहिले प्रस्तुत गरेको छ र ? नीति तथा कार्यक्रम होईन र ?,' उनले उल्टै प्रश्न गरे, 'मैले त अध्ययन गर्नै बाँकी छ बजेट वक्तव्य भए पाउन बरु ।' अर्यालले बजेट वक्तव्य मागेपछि ह्वाट्एपमा साझाकुराले उपलब्ध गराएको छ ।

उनले केही समय लगाएर हेरेपछि अर्यालले प्रदेश सरकारले ल्याएको बजेट सरसरती हेर्दा राम्रो आएको तर, कार्यान्वयनमा भने चुनौती देखिएको हुँदा अगाडि नै नीति निर्माणमा ध्यान दिन आग्रह गरे । 'बजेटमा निजी क्षेत्र समेट्ने कार्यक्रम पनि आएको छ । तर, करौंडोको कारोबार गर्नै घरजग्गा व्यवसायी संघ उद्योगको रुपमा दर्ता नहुँदा प्यानकै भरमा कारोबार गर्नुपर्ने समस्या छ,' उनले भने, 'राजश्व संकलनमा घरजग्गा व्यवसायी संघको पनि महत्वपूर्ण भूमिका छ । त्यसमा संघ र प्रदेशको बजेटमा समेटिएको देखिएन' निजी क्षेत्रलाई बजेटले समेट्न खोजेको तर, महत्वकांक्षी जस्तो पनि देखिएको भन्दै आफ्नो धारणा व्यक्त गरे ।

निर्माण व्यवसायी संघ मकवानपुरका उपाध्यक्ष सागर कटुवाललाई सम्पर्क गर्दा उनीसँग सम्पर्क हुन सकेन । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले भने प्रदेशको बजेटबारे अध्ययन गरेको पाइएको छ । उनले वागमती प्रदेश सरकारले ल्याएको बजेटले उद्योग व्यावासायीलई नछोएको टिप्पणी गरे । 'बजेट खाली करको दायरा बढाउनेमा मात्रै देखिएको छ । बजेटले व्यवसायीलाई छोएको देखिदैन,' अग्रवालले भने, 'सबैभन्दा महत्वपूर्ण कुरा त कार्यान्वयनको विषय हो । कार्यान्वयन हुन्छ हुन्न त्यो हेर्ने हो । प्रदेशको बजेटले भन्दा पनि केन्द्रीय बजेटले छुने नछुने कुरा हुन्छ ।'

प्रदेश सरकारको ल्याएको बजेटप्रति निजी क्षेत्रका संगठनहरुले चासो किन देखाएनन् ? भन्ने बिषयमा पनि बहस गर्नु जरुरी छ । प्रदेश सरकारले निजी क्षेत्रको मर्म अनुसारको बजेट, नीति तथा कार्यक्रम ल्याउन नसकेको हो या प्रदेश सरकारको बजेटले निजी क्षेत्रमा कुनै असर नै गर्दैन । निजी क्षेत्रका लागि प्रादेशिक सरकारका बजेटको औचित्य र आवश्यकता नै छै कि ? भन्ने बिषयमा बहस गर्नु जरुरी छ । राज्यलाई कर तिर्ने निजी क्षेत्रलाई प्रादेशिक बजेट, नीति तथा कार्यक्रमले किन आकर्षित गर्न सकेन भन्ने बिषयमा प्रदेश सरकाले चासो दिनु जरुरी छ ।

# 'हामीलाई ५ करोड चाहिँदैन': दीपक सिंह

साझाकुरा संवाददाता



हेटौंडा, ५ असार/ मकवानपुरबाट निर्वाचित प्रतिनिधि सभा सदस्य दीपकबहादुर सिंहले सरकारसँग पैसा नभएको अवस्थामा सांसदलाई छुट्याइएको 'सांसद विकास कोष'को बजेट नचाहिने बताएका छन् ।

सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि 'सांसद विकास कोष' खडा गरेर प्रतिसांसद ५ करोड रुपैयाँ बिनियोजन गरेको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद सिंहले मंगलबार प्रतिनिधिसभामा बोल्दै अहिलेको आर्थिक मन्दीको बेला सरकारसँग पैसा छैन भने सांसद विकास कोषको ५ करोड रुपैयाँ नचाहिने बताएका हुन् । उनले राष्ट्रिय स्वतन्त्र पार्टी, एमालेलाई पनि त्यसका लागि आग्रह गरेका छन् । 'यदि सरकारसँग पैसा छैन भने जुन हामीलाई ५ करोड रुपैयाँ दिनुभएको छ, त्यो चाहिँदैन ।,' उनले भने ।

'आर्थिक मन्दीबाट देशलाई माथि उकास्नका लागि व्यापार घाटाबाट उकास्नका लागि हामीलाई दिनुभएको त्यो ५ करोड रुपैयाँ राप्रपाको तर्फबाट सम्पूर्ण रकम तपाईंलाई दिन चाहन्छौं । यो राष्ट्र निर्माण गर्न र घाटा बचाउनका लागि हाम्रा रविजीको पार्टीले पनि अरु सांसदहरुको पार्टीले पनि, एमालेले पनि आफूले पाउने ५ करोड दिनुहुन्छ भन्ने मलाई लागेको हो । सरकारमा रहेका पार्टीले दिने कि नदिने हो ? नयाँले त दिने भनिसके ।', उनले भनेका छन् । सिंहले काठमाडौं-हेटौंडा सुरुङमार्गका लागि बजेट व्यवस्था गर्न आग्रह गरे ।

सरकारसँग पैसा छैन भने सो परियोजनाका लागि जापान सरकारसँग शून्य दशमलव ५ प्रतिशतमा अनुदान पाउन सकिने उनले बताए । यो सुरुङमार्गको भौगोलिक अवस्थाको अध्ययन जापानको हाज्मा कम्पनीले गरिसकेको उल्लेख गर्दै यो परियोजना सुरु भयो भने बिहार र युपीका पर्यटक आउन पनि नजिकको दुरी पर्ने उनले बताए । यस्तै उनले हेटौंडामा रहेको कपडा उद्योग, बुटवल धागो कारखाना र गोरखकाली रबर उद्योग पुन: सञ्चालन गर्ने कुरा बजेटमा राखिएको बताउँदै यी कारखाना कसरी सञ्चालन गर्ने ? भन्दै प्रश्न गरे । नेपालमा कपास उत्पादन बन्द गर्ने तर, कपडा उत्पादनका लागि विदेशबाट धागो ल्याउने कुरा गलत निर्णय भएको सिंहको दाबी छ ।

# ९० वर्षीया वृद्धालाई ह्वीलचियर

साझाकुरा संवाददाता



हेटौंडा, ५ असार/ सामाजिक कार्यमा सक्रिय सहयोगी मन नेपाल संस्थाले हेटौंडाकी ९० वर्षीया एक अशक्त वृद्धालाई ह्वीलचियर प्रदान गरेको छ ।

वृद्धालाई हिँड्डुलमा समस्या आएपछि हेटौंडा उपमहानगर पालिका-६ निवासी ९० वर्षीया पदमकुमारी खतिवडालाई ह्वीलचियर प्रदान गरिएको संस्थाका अध्यक्ष केदारप्रसाद चौलागाई जानकारी दिए । उनले परिवारबाट एउटा ह्वीलचियरको माग भएपछि हामीले उक्त ह्वीलचियर प्रदान गरेको चौलागाईले बताए । संस्थाले विभिन्न अशक्त व्यक्तिलाई ह्वीलचियर सहयोग गर्दै आइरहेको छ । सहयोगी मन नेपालले कोरोना महामारीको समयमा अप्ठेरोमा परेका परिवारलाई खाद्यान्न तथा स्वास्थ्य सामग्रीसमेत सहयोग गरेको थियो ।

# प्रतिष्ठानको बजेट काटेकोमा एमाले मकवानपुरको विरोध






साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ हेटौंडा अस्पताललाई कमजोर बनाउने रणनीतिअनुरुप मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको बजेट प्रदेश सरकारले काटेको भन्दै विरोध सुरु भएको छ ।

नेकपा एमाले मकवानपुरले मंगलबार विज्ञप्ति जारी गर्दै अस्पतालको थप स्तरोन्नती गर्नुपर्ने दायित्व बिर्सिएर प्रदेश सरकारले उल्टै बजेट काटेको भन्दै आपत्ति जनाएको हो । मदन भण्डारी स्वास्थ विज्ञान प्रतिष्ठानले हेटौंडा अस्पताल सञ्चालन गरिरहेको छ । जसकारण प्रदेश सरकारले प्रतिष्ठानलाई यसअघि बिनियोजन गरिएको भन्दा धेरै बजेट कटौती गरेपछि अस्पताल सञ्चालनमा समस्या हुने भएको छ । अस्पताललाई कमजोर बनाएर जिल्लाबासीले लिँदै आएको सहज स्वास्थ्यउपचारमा वाधा पुऱ्याउन प्रदेश सरकार नै लागेको प्रदेशसभा सदस्यसमेत रहेका एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठले आरोप लगाए ।

गुणस्तरीय स्वास्थ्यसेवा प्राप्त गर्ने मकवानपुरबासीको सदियौंको सपनामाथि धावा नबोल्न भन्दै एमालेले खबरदारी गरेको छ । बागमतीका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरी अस्पताल सञ्चालन गरिरहेको छ । हेटौंडा अस्पताल प्रतिष्ठानमार्फत् ल्याई सेवामा सुधार गरिँदै आएकोमा पुरानै अवस्थामा फर्काउने खेलमा वर्तमान गठबन्धन सरकार रहेको एमाले मकवानपुरको विज्ञप्तिमा भनिएको छ । विगतमा ५० शैयाको हेटौंडा अस्पताल प्रतिष्ठानमार्फत् गएपछि एमाले नेतृत्वको सरकारकै पहलमा हाल ३०० बेडको सुविधासम्पन्न अस्पतालमा परिणत गरिएको थियो ।

हालको सरकारले नियमित रुपमा सञ्चालन भइरहेको र प्रदेशको गौरवको रुपमा विकास हुँदै गएको उक्त प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई उपलब्ध गराउनुपर्ने तलब सुविधा कटौती गर्दै २ सय १४ भन्दा बढी स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई जागिरबाटै निकाल्ने, बजेट कटौती गरेर अस्पतालको सेवा प्रभावित बनाउने तथा अति महत्वपूर्ण स्वास्थ्य संस्थालाई तहसनहस बनाउने उद्देश्यले जनभावना विपरित काम गरिरहेको भन्दै एमाले मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख गरिएको छ । स्वास्थ्य जस्तो संवेदनशील विषयमा सबैको अभिभावक बन्नु पर्ने सरकार नै नागरिकहरुको स्वास्थ्यमा खेलबाड गरिरहेको एमालेको जिकिर छ ।

# महिला जनप्रतिनिधिलाई नेतृत्व विकास तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ मकवानपुरगढी गाउँपालिकामा निर्वाचित महिला जनप्रतिनिधिलाई नेतृत्व तथा संस्थागत विकास तालिम प्रदान गरिएको छ ।

गाउँपालिकाको महिला तथा बालबालिका शाखाको आयोजनामा पाँच दिने तालिम महिला जनप्रतिनिधिलाई प्रदान गरिएको हो । महिला लक्षित कार्यक्रमअन्तर्गत महिला जनप्रतिनिधिलाई तालिम प्रदान गरिएको शाखाका प्रमुख मन्दिरा थापाले बताइन् । वडा नम्बर ३ का वडाअध्यक्ष भागवत घिमिरेको सभाध्यक्षता तथा पालिका उपाध्यक्ष मानकुमारी पाखिनको प्रमुख आतिथ्यतामा सोमबार तालिमको समापन गरिएको थियो । कार्यक्रममा वडा नम्बर १ का अध्यक्ष आइत सिंलो, वडा ६ का वडाअध्यक्ष कृष्णप्रसाद बजगाई, प्रशिक्षक शोभा शाह लगायतको आतिथ्यता रहेको थियो ।

महिला तथा बालबालिका क्षेत्रमा लामो समय कार्यरत हाल नेपालगञ्ज उपमहानगरका महिला तथा बालबालिका शाखा प्रमुख समेत रहेकी शोभा शाहले तालिमको प्रशिक्षण गरेकी थिइन् । उनले तालिममा नेतृत्व विकासका अनुयायित्व के-हो, नेतृत्व विकासका साधक र बाधकहरु, सञ्चार, विवाद निरुपणमा सञ्चार, निर्णयकार्यमा सञ्चारको भूमिका, नेपाली महिलाको अवस्था र विश्लेषण जस्ता विषयमा तालिम प्रदान गरिएको थियो ।

साथै तालिममा घरेलु हिंसाका कारण के-हो ? निवारणका उपायहरु, घरेलुहिंसा कसुर तथा सजाय ऐन, २०६६, लिंग र लैगिंकता के-कसरी ?, समनता र समता, मानवबेचविखन तथा ओसारपसार ऐन, २०६४, मानवबेचविखन ओसार पसार हुने कारण, प्रकृति र निवारणका उपायहरु, सम्पन्नताका लागि समानता र प्रजनन स्वास्थ्य विषयमा समेत तालिम प्रदान गरिएको थियो । कार्यक्रममा सहभागी महिला जनप्रतिनिधिलाई प्रा.डा गोपाल शिवाकोटीले लेखेको संविधानको मुल पाठ, व्याख्यात्मक टिप्पणी र ऐतिहासिक विकास क्रमसहित भएको नेपालको संविधान नामक पुस्तक हस्तान्तरण गरिएको थियो ।

# सीमा मिचेको विरोधमा हस्ताक्षर संकलन

हेटौंडा, ५ असार/भारतले नेपालको सीमा मिचेको विरोधमा हेटौंडाको बुद्धचोकमा हस्ताक्षर संकलन गरिएको छ ।

मकवानपुर युवा संगठनले मंगलबार बिहान बुद्धचोकमा 'तपाईको हस्ताक्षर किन ?' लेखिएको ब्यानर टाँगेर विरोधस्वरुप हस्ताक्षर संकलन गरेको हो । भारतले नेपालको सीमा मिचेको विरोधमा सबैको हस्ताक्षर संकलन गरेर मुख्यमन्त्रीलाई बुझाइने मकवानपुर युवा संगठन जिल्ला अध्यक्ष सुनिल सिन्तानले जानकारी दिए । एमसीसी सम्झौता खारेज गर्न, नेपालको लुम्बिनी क्षेत्र समेटी भारतले साँस्कृतिक नक्सा प्रकाशन गरेको विषयमा पनि संगठनले विरोध जनाएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्टि्क वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम




**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेशबजेट: बेखवर निजीक्षेत्र

असार १ गते बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेट प्रदेशसभामा ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँको बजेट ल्यायो । चालू आर्थिक वर्षमा ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटको आकार ८ अर्बले घटाएर ल्याएको छ । सरकारले बजेट प्रस्तु गरेको एक साता हुनलाग्दा पनि निजी क्षेत्रलाई कुनै चासो छैन । निजी क्षेत्रमा बजेटबार किन यति धेरै नैराश्यता देखिएको हो ? निजी क्षेत्रलाई बजेट 'कागलाई बेल पाकेसरह' भयो वा बजेटबारे उनीहरुले केही पनि बुझेका छैनन् । जे भएपनि यो बिषय आफैंमा गंभीर हो । प्रदेश सरकारले पेस गरेको बजेटको बारेमा मकवापुरका निजी क्षेत्रले अध्ययन गर्नु त कहाँ हो कहाँ बजेटबारेमा अनभिज्ञता देखाएका छन् । बागमतीको बजेटप्रति अहिले राजनीतिक दलहरुबीचमा समर्थन र विरोध भइरहेको बेलामा मकवानपुरका निजी क्षेत्रलाई कुनै वास्ता देखिएको छैन ।

निजी क्षेत्र समेट्ने खालका के कस्ता बजेट आयो भन्ने बारेमा निजी क्षेत्र अझै अन्यौलमा देखिएको छ । उद्योग संघ मकवानपुर, मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण ब्यवसायी संघ, घरजग्गा ब्यवसायी संघ, गैरसरकारी संस्था महासंघ, नारायणी यातायात ब्यवसायी संघलगायतका निजी क्षेत्रका नेतृत्व तहमा बजेटबारे ब्यापक छलफल हुनु पर्ने थियो । निजी क्षेत्रका नेतृत्व तहमा बसेका प्राय: सबैले प्रदेश सरकारको बजेट अध्ययन गर्न बाँकी रहेको बताएका छन् । बागमती प्रदेश सरकारले ल्याएको बजेटले उद्योग व्यवसायीलाई छोएको छैन । बजेट खाली करको दायरा बढाउनेमा मात्रै देखिएको छ । बजेटले व्यवसायीलाई छोएको देखिदैन । प्रदेश सरकारको ल्याएको बजेटप्रति निजी क्षेत्रका संगठनहरुले चासो किन देखाएनन् ? भन्ने बिषयमा पनि बहस गर्नु जरुरी छ । प्रदेश सरकारले निजी क्षेत्रको मर्म अनुसारको बजेट, नीति तथा कार्यक्रम ल्याउन नसकेको हो या प्रदेश सरकारको बजेटले निजी क्षेत्रमा कुनै असर नै गर्दैन । निजी क्षेत्रका लागि प्रादेशिक सरकारका बजेटको औचित्य र आवश्यकता नै छैन कि ? भन्ने बिषयमा बहस गर्नु जरुरी छ । राज्यलाई कर तिर्ने निजी क्षेत्रलाई प्रादेशिक बजेट, नीति तथा कार्यक्रमले किन आकर्षित गर्न सकेन भन्ने बिषयमा प्रदेश सरकाले चासो दिनु जरुरी छ । प्रदेशमा आर्थिक गतिबिधि बढाउन प्रदेशको बजेटले कस्तो भूमिका निर्बाह गर्नु पर्छ ? प्रदेशमा औद्योगिक प्रतिष्ठान स्थापनाका लागि लगानीकर्ता आकर्षित गर्ने योजना कस्तो हुनुपर्छ ? केही समयका लागि न्यूनतम कर निर्धारण गरी लगानीमैत्री वातावरण बनाउन सकिन्छ कि सकिन्न ? आदि बिषयमा निजी क्षेत्रलाई चासो हुनु जरुरी थियो । मुलुकको अर्थतन्त्र कोभिड-१९ महामारीका कारण क्षतविक्षत भएको छ। पटकपटकको बन्दाबन्दीका कारण धेरैजसो उद्योग, कलकारखाना तथा व्यवसाय लामो समय बन्द रहे । उद्योग बन्द हुँदा उत्पादन, सेवा तथा प्रशोधनमा काम गर्ने धेरै जनाले रोजगारी गुमाए । यसबाट एकातर्फ उद्योगी-व्यवसायीले गरेको लगानी जोखिमका पऱ्यो भने, अर्कातर्फ ती व्यवसायमा आबद्ध श्रमिकले रोजगारी गुमाउँदा उनीहरुमाथि आश्रित लाखौं परिवार आर्थिक समस्यामा परे ।

प्रदेशमा औद्योगीकरण बिस्तार गर्ने, निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनका कार्यक्रम ल्याउने, स्वदेशी उत्पादन प्रबर्द्धन एवं बजार नियमन गर्ने, आवश्यक पूर्वाधार विकास गर्ने कुरामा निजी क्षेत्रले प्रदेशको बजेटमा चासो दिनु पर्ने थियो । नवप्रवर्तन, घरेलु, साना तथा मझौला उद्योग, व्यवसाय, ऊर्जा, पर्यटन, सूचना प्रविधि, कृषि तथा जडिबुटी जस्ता क्षेत्रलाई प्रदेशले प्राथमिकतामा राखेर बजेट तर्जुमा गरेको छ या छैन ? भन्ने बिषयमा पनि निजी क्षेत्रको चासो हुनु जरुरी थियो । तर, निजी क्षेत्रलाई प्रदेशको बजेटले छुन सकेन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार ७ गते बिहीबार २२ जुन २०२३ । चतुर्थी, आसाढ शुक्लपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ । भूमिरज

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रु वृद्धि | तुला | : साझेदारीकार्यमा सफलता |
| वृष | : भाग्यबाट सन्तोष | वृश्चिक | : वैदेशिक कार्यमा अवरोध |
| मिथुन | : ऋणभार बढनाले खिन्नता | धनु | : सम्पत्तिबाट लाभ |
| कर्कट | : अनावश्यक झंझट | मकर | : मांगलिक कार्यमा मन |
| सिंह | : गृहकलहमा वृद्धि | कुम्भ | : मानसम्मानमा वृद्धि |
| कन्या | : आफन्तमा मनोमालिन्य | मीन | : आर्थिक हानी |

# खाना र खेतीपातीका प्रश्नै-प्रश्न



डा. कृष्ण पौडेल

अब फेरि असार १५ आउँदैछ, गमलामा धान रोपेर दिवस मनाइने छ । गोष्ठी, उद्घाटन र भाषणको भ्याई नभ्याई हुने नै छ । हिलोमा खेलेका सेल्फीले सामाजिक सञ्जाल भरिनेछन् र सँगै अर्बौंको चामलको मिठो-मसिनो खाँदै कृषि सपार्ने जुहारी संसददेखि सडकसम्म चलिनै रहनेछ । तर सदा झैं कृषि सपार्ने कुरा सरकारी दस्तावेजमा मात्र सीमित हुनेछ ।

हामी सबैलाई थाहा छ- खाना, खेतीपाती, रोजगारी र किसानको आम्दानीमा ध्यान नपुग्नु नै हाम्रो उन्नतिमा अधोगति यात्राको मूल कारण हो । यो सम्बोधन नहुँदा जलवायु, जनस्वास्थ्य र खाद्य संकट झन् भयावह भइरहेको छ । बढ्दो बेरोजगारी, आकाशिंदो आयात र निस्सासिंदो वातावरणीय प्रदूषण कहिलेसम्म थेग्न सकिएला ? यसको जवाफ सबैलाई चाहिएको छ । तर मुख्य जवाफदेही लिनुपर्ने जमातले भने यो कुरा थाहै नभएको जस्तो स्वाङ पारेको छ ।

सदा झैं यस वर्ष पनि सरकारको कृषि नीति र कार्यक्रम पट्यारलाग्दा शब्दजालले भरिएका थिए भने कृषि बजेटको आधा रकम माटो बिगार्ने कृत्रिम रसायन किन्नमै खर्च गर्ने उद्घोष भएको छ । त्यसो त सरकारका कुनै पनि योजना आश जगाउने खालका छैनन् । खाना र खेतीपाती सपार्ने सद्बुद्धि मात्र छुट्टै कहाँबाट पलाओस् ?

यस्ता नीतिको प्रस्तुतिमा विगतमा भएका अभ्यासमा देखिएका कमी र असफलताको रत्तिभर समीक्षा हुँदैन । तन्नम हुँदै गएको स्थानीय सरकार, निष्प्रभावी दाताका परियोजना र नामका लागि मात्र बदनाम खेपेका राष्ट्रिय गौरवका कार्यक्रमको समीक्षाको त झन् कुरै छैन । उदाहरणका लागि, मानवीय स्वास्थ्यको कुरा गर्दा खाना र खेतीपातीसँग जोड्ने कुरा कतै देखिंदैन । जैविक विविधता, वातावरण र जलवायुको कुरा गर्दा किसान र खेती प्रणाली छुँदैनन् । सामुदायिक वनको कुरा गर्दा किसानका गोठ र भकाराको कुरा हुँदैन । आम मानिसको जीवनलाई दिशाबोध गर्न नसघाउने यस्ता नीति र कार्यक्रम बनाउने अगुवालाई किन र कहिलेसम्म भरोसा गर्ने ?

आम समुदायको खानेकुराको बन्दोबस्त दिनदिनै संकटग्रस्त बनेको कुरा सबैलाई छर्लङ्ग छ । अहिले नेपाली युवा किसानले खाडी र अन्य मुलुकमा बगाएको रगत-पसिनाको विप्रेषणका भरमा हाम्रो खानाको गुजारा टरेको छ । यिनै नीति-निर्माताको अकर्मण्यताले खेतीपाती र खानाको बन्दोबस्त विषाक्त बनाउँदै युवा किसानलाई खेतबारीबाट खेदेर खाडीमा पुऱ्याएको हो । यो कुराको हेक्का समेत नराखी कृषि क्षेत्रलाई देशी-विदेशी दलालको जिम्मा लगाउने नीति-निर्मातासँग कृषि सपार्ने प्राथमिकता, सोच र योजना थिएन र अहिले पनि छैन ।

किसानी र रैथाने खाना हामी धेरैको प्राथमिकतामा पर्दैन । मानौं, आफ्नै खानाको बन्दोबस्त कसरी हुन्छ भन्ने समेत हामीले भेउ पाउन छाडेका छौं । अन्यथा दिनमा ३-४ पटक खानुपर्ने खाना, यसको स्रोत खेतीपाती र यसको बन्दोबस्तमा रातो-दिन खटिने सामाजिक उद्यमी किसान कसरी उपेक्षित हुन सक्छन् ? सँगैह माटो, खेतीपाती र खाना विषाक्त बनाउन तल्लीन सरोकारवाला मनपरी मूकदर्शक बनेर किन र कहिलेसम्म हेरिरहने हो ?

जीवन्त माटोमा पोषणतत्व नपुगेको भन्दै रसायन थप्न उक्साउने आयातित विषादी व्यापारका प्रतिनिधि हामी सबैलाई विषपान गराउन रातो-दिन खटिएका छन् । यिनकै प्रायोजनमा नयाँ-नयाँ ब्रान्डका खतरनाक विषादी खेतबारी, खोर र गोठमा सजिलै पुगेका छन् । यिनको निरीक्षण, परीक्षण र नियमन हुँदैन । उल्टै किसानको खानाको बन्दोबस्त गर्न र घरबार चलाउन उत्पादन बढाउनुपर्ने बाध्यतालाई यिनले यस्ता विषको व्यापार गर्ने अवसर बनाएका छन् ।

यो खानामा विष मिसाउने यात्रा सात दशक अघि डीडीटी छर्केर पहाडका बेंसी र तराईमा औलो भगाएदेखि सुरु भएको हो । माटो, खेतीपाती र खानामा मन्द विषको यो यात्रा निरन्तर जारी छ । अहिलेसम्म यो रोकिने कुनै छाँट छैन । अहिले पनि विष मात्र हैन सरकार आफैंले प्रतिबन्ध लगाएका खतरनाक प्रतिबन्धित विष समेत खेतबारी र खानामा निर्वाद रूपमा दुरुपयोग भइरहेको छ । यसलाई नियमन गर्नेतर्फ यसका जिम्मेवार निकाय लाग्दैनन् । उल्टै मात्रा मिलाएर विष हाल्न नजान्ने भन्दै सोझा किसानलाई नै दोष दिएर टक्टकिने गर्छन् ।

त्यस्तै ३० को दशकदेखि सुरु भएको विकासे मलको यात्रा त झन् रोकिने कुरै छैन । रासायनिक मल कारखाना खोल्ने सपना बाँडेर नेता र यिनका सहयोगी कर्मचारीले जीवन्त माटो मारेर समग्र कृषि प्रणाली नै तहसनहस बनाउने कसम नै खाएका छन् । यिनले किसानले आफैं सम्हालेको गोठ र भकारालाई उन्नत बनाउन सघाउने कुरै गर्दैनन् । उल्टै दलालको उक्साहटमा विषाक्त रासायनिक मल कारखाना खोल्ने चलखेल गरिरहन्छन् ।

अहिले भयावह बन्दै गएका जनस्वास्थ्यका समस्या यिनै कृत्रिम रसायन र विषको प्रभाव हो भन्ने कुरा सबैलाई थाहा छ । यो कुराको आकलन विषाक्त खानाबाट जोगिएका समुदायको स्वास्थ्य अवस्थाले मात्र पनि गर्न सकिन्छ । त्यसो त, विषाक्त खाना र शारीरिक श्रम विनाको जीवनशैलीका उपज हुन् भनेर थाहा नपाएको राजनीतिक र प्रशासनिक अगुवा छ जस्तो लाग्दैन ।

बरु यी अगुवा हिजोआज अस्पताल जान्छन् कि जाँदैनन् कुन्नि ? गएकै छैनन् भने त बेग्लै कुरा नत्र नेपालका सबै अस्पतालमा भरि भराउ नसर्ने रोगका बिरामीबारे यिनीहरू के भन्छन् होला ?

यस्ता अस्पतालमा नसर्ने दीर्घरोगका बिरामी बढेका बढ्यै छन् । अहिले त नाम लेखाएर पालो पाउन नै महिनौं लाग्छ । पालो पाएका दिन घण्टौं लाइनमा बस्नुपर्छ । एउटा कुरुवाले त नभ्याउने भइसक्यो । किसानले खेतीपाती सम्हाल्ने कि बिरामी कुरेर बस्ने ? सबैसँग जवाफ मागेका छन् । कतिपय ठूलाठालुले त यस्ता दीर्घरोगको उपचारमा सरकारी ढुकुटीबाट लाखौं रुपैयाँ खर्च समेत गर्ने गरेका छन् तर यस्ता रोगको कारक रोक्न किन पहल गर्दैनन् ?

अझै योभन्दा उदेक लाग्ने कुरा त के छ भने अहिलेसम्म कुनै नेता, बुद्धिजीवी, व्यापारी, कर्मचारीले म विषाक्त खाना खान मन पराउँछु भनेको कतै सुनिएको छैन तर किन यी सबै माटो, खेतीपाती र खानामा विष मिसाउन उद्यत छन् ? जलवायु परिवर्तन जस्तो विश्वव्यापी समस्या समाधान गर्न सबैको साझा पहल चाहिन्छ यसमा दुईमत नहोला तर हाम्रा खेतबारीको माटो, खेतीबारीको सूक्ष्म वातावरण, स्थानीय उत्पादन र यसबाट आउने खाना विषमुक्त बनाउन किसानमैत्री नीति र कार्यक्रम बनाउन त दलाल पोसेर भाडा असुल्ने बाहेक अरू के कुराले छेकेको हो र ?

किसानले आफ्नो उपजले बजार नपाएर सबै खेतबारीमै कुहाउन विवश छन् । यो बाध्यताको आड लागेर यसका दलाल भने किसानका उपज किनेर बेच्नुको साटो सडकमा फालेर बिचौलिया मूल्य बढाएर उपभोक्ता ठग्ने दाउ थाप्छन् । यिनले साना किसानको उपज किन्नुको साटो बाहिरबाटै आयात गर्छन् । त्यो पनि झनै विषाक्त छ ।

अहिले ३ वटा सरकार छन् तर कुनै पनि सरकारले स्थानीय उत्पादनको बजार र किसानको लागत र नाफाको बन्दोबस्त गर्न कुनै बन्दोबस्त गर्दैनन् । खेतीपातीबाट घरबार नचलेर नै भविष्यका किसान विदेश पलायन भएका हुन् भन्ने थाहा नपाएर हो कि ? अहिले खेती गरिरहेका धेरै किसानले सक्ने भए घरबार चलाउन अरूले जस्तै यो पेशा नै छोडेर शहर वा विदेश पस्ने थिए ।

यस्तो बसाइ सरेका किसान दाजुभाइ रहरले मुग्लान पसेका होइनन् । यो किसानको बाध्यता थाहा पाएर पनि हाम्रा अगुवा किन बुझपचाउँछन् ? अहिले राजनीतिक वृत्तमा कृषिको औद्योगीकरण र व्यवसायीकरणको मात्र रटान छ । पाँच दशकदेखि सम्भव नभएको यस्तो रटान लगाउनेको अन्तर्यमा के छ ?

नेपालको कृषि सपार्न भन्दै दाताले अरबौं दान र ऋण दिएका छन् । सँगै कस्तो योजना बनाउने समेत उनैले सिकाउँछन् उदाहरणका लागि, ८-१० वर्ष पहिले नै नेपालको कृषि विकासको रणनीति बनेको थियो । यो रणनीति अनुसार कृषि विकास गर्ने भन्दै विदेशीको ऋण लिएर परियोजना पनि चलेका छन्, यिनले कति अन्नपात, तरकारी, बस्तुभाउ र फलफूलको उत्पादन बढाएछन् ? कहाँका किसानको कति आम्दानी बढेछ ? यो सोध्ने आँट कहिले आउँछ ?

यस्तो खेतीपातीका लागि अर्बौंको ऋण र दानको दुरुपयोग भइरहेको छ । सरकारले करदाता र विदेशी दातासँग लिएको अरबौं रुपैयाँको कृषि विकास कार्यक्रमको बजेट कहाँ जान्छ ? वास्तविक किसानले यस्तो अनुदान किन पाउँदैन ? त्यस्तो खेती गर्न चाहिने स्रोत-साधनको व्यवस्था, सेवा र सहयोग गरेको थाहा नपाउने धेरै छन् । अनि कसले र कसरी गर्दैछन् त व्यावसायिक र औद्योगिक खेती ? कि यो अनुदान थाप्ने झोलामा मात्र सीमित छ ?

वास्तविक किसान भने खेती-किसानी सम्भव बनाउन गाउँघरका साहु महाजनका चर्को ब्याजका ऋण लिन बाध्य छन् । तिनका जालझेलबाट हजारौं किसान प्रताडित छन् । यिनबाट मुक्ति पाउन सकिन्छ कि भनेर लघुवित्त र बैंकका शरणमा परेका छन् । तर तावाको माछो भुंग्रोमा भने झैं यिनैका ऋण तिर्न नसकेर उठीबासमा परेका छन् । यसबारेका कोही किन बोल्दैनन् ?

सँगै, केही ठूला व्यापारीले नेपालको कृषि उपज विदेश पठाएर मालामाल हुने, यान्त्रीकरण गरेर नेपालको कृषिक्षेत्र कायापलट गर्ने कोठेगफ सुनिन्छ । तर यो कामले कति श्रमिकले रोजगार पाएछन् ? कति विदेशी डलर भित्रिएछ ? र देशको ढुकुटीमा कति पैसा थपिएछ ? सँगै दलालका चलखेलमा अहिले कृषि क्षेत्रमा प्रत्यक्ष लगानी ल्याउने र किसानी र किसानलाई विस्थापित गर्ने काम भइरहेको छ । यस्तो कामले संविधानमै लेखेको खाद्य अधिकार, सुरक्षा र सम्प्रभुताको बखान के हुन्छ ? दैनिक जीवनका लागि नभई नहुने खाना र खेतीपातीका यी अहं सवालमा सबैले प्रश्न सोध्ने बेला भएको छ ।

*(साभार: अनलाइनखबर)*

# समाजवादी मोर्चा, नेपाल बारे

डा. विजयकुमार पौडेल

नेपालका तीनवटा कम्युनिस्ट पार्टीहरू- एकीकृत समाजवादी, माओवादी केन्द्र र विप्लव समूह) एवं जनता समाजवादी पार्टी, नेपाल मिलेर आज समाजवादी मोर्चा, नेपाल (सोसलिस्ट फ्रन्ट, नेपाल) गठन भएको छ । यो मोर्चा निर्माणसँगै अनेक आशङ्का, आलोचना र विरोधसमेत देखिएका छन् भने यस परिघटनालाई सकारात्मक रुपमा लिनेहरूको संख्या पनि स्वाभाविक रुपमा उल्लेख्य छ ।

समाजवादी अर्थव्यवस्था निर्माण गर्ने विषय नेपालको संविधानले निर्दिष्ट गरिसकेको अवस्थामा पनि यसलाई विरोध गर्ने कुरा सारत: असंवैधानिक हो तर अभिव्यक्ति स्वतन्त्रता भएको कारणले संविधानको विरोधलाई पनि सहज रुपमा लिनु लोकतान्त्रिक व्यवस्थाको मूल चरित्र हो ।

नेपालमा समाजवाद निर्माण गर्ने विषयको विरोध, आलोचना, खिसीटिउरी इत्यादि गर्ने तीनथरी मानिसहरू छन्- (१) नेपालका पहिलेका सामन्ती तत्त्वहरू जो हाल दलाल पुँजीवादका नायक वा सेवक छन् र, (२) आम जनता- आफूलाई कम्युनिस्ट तथा समाजवादी भनिने दलका कतिपय नेता-कार्यकर्ताको व्यवहार -आचरण गैर कम्युनिस्ट वा गैर समाजवादी भएका कारणले र पार्टी कार्यक्रममा कुनै न कुनै तरिकाले 'समाजवाद' शब्दावली झुन्ड्याएका पार्टीहरूका सरकारले आजसम्म आम जनताले राहत पाउने, देशको अर्थतन्त्र उकासिने कुनै ठोस कार्यक्रम नल्याएका कारणले रुष्ट भएका मानिसहरू । (३) दलगत रूपमा नेकपा (एमाले)को नेतृत्व ।

संसारभरिका पुँजीवादीहरू र हाम्रो देशका दलाल पुँजीवादीहरूले कहिल्यै, कुनै हालतमा समाजवादको समर्थन गर्ने छैनन् । जन्मजात समाजवादका विरोधीहरूको बारेमा कुनै चर्चा गर्नु आवश्यक छैन । यसैले यहाँ लेखिएका समाजवादको विरोध गर्ने पहिलोथरी मानिसका आलोचनाको बारेमा चर्चा आवश्यक देखिन्न ।

यहाँ नेपाली कांग्रेसले लेख्ने गरेको "प्रजातान्त्रिक समाजवाद" का बारेमा पनि मानिसहरूको कुनै चर्चा देखिन्न किन भने नेपाली कांग्रेस उसका दस्तावेजमा लेखिएको समाजवादप्रति कहिल्यै रत्तीभर इमानदार भएन । इमानदार हुने हो भने नेपाली कांग्रेसले डेनमार्क, स्विडेन र नर्वेजस्ता देशहरूको प्रजातान्त्रिक समाजवादी प्रयोगबाट सिक्न सक्थ्यो । आफ्नो पार्टीभित्र निक्कै सानो संख्यामा रहेको भए पनि सामाजिक प्रभाव भएको प्रजातान्त्रिक समाजवादी तप्काका कारण नेपाली कांग्रेसले आफ्नो विधानबाट समाजवाद शब्द हटाउन सकेको छैन । वास्तवमा उ नेपाली दलाल पुँजीवादको सेवक नै हो भन्ने कुरामा कुनै शङ्का छैन । आजसम्मका उसका गतिविधिले यही सिद्ध गरेका छन् । लोकतान्त्रिक व्यवस्था जोगाउने मामिलामा मात्रै उससँगको कम्युनिस्टहरूको सहकार्य काम लाग्ने गरेको छ । यसैले नेपाली जनमतले समाजवाद प्रतिको इमानदारिताका बारेमा नेपाली कांग्रेससँग कुनै आशा वा भरोसा गरेको छैन ।

यहाँ दोस्रो थरीका मानिसहरूको बारेमा चर्चा गर्नु आवश्यक छ । दोस्रोथरीका मानिस नै आम जनता हुन् । जनताको असन्तुष्टि भरोसा गरेको कम्युनिस्ट शक्तिसंग हो । आफूले भरोसा गरेको शक्ति नै बेइमान भएपछि जनतामा निराशा, आक्रोश र आवेग देखिन्छ । जनआवेगको सही वैचारिक तथा कार्यक्रमिक समाधान नभएका कारणले समाजवाद शब्दप्रति नै आक्रोश भएको हो भन्ने कुरा स्पष्ट छ ।

करिब दुईतिहाई संसदीय बहुमतको कम्युनिस्ट सरकारले जनतालाई निराश बनाएसंगै समाजवादप्रति खिसीटिउरी गर्नेहरुलाई धेरै मौका मिलेको छ । त्यसपछि बनेको गठबन्धन सरकारमा अहिले कम्युनिस्ट नेता प्रधानमन्त्री छन्, नेकपा (एस) र जनता समाजवादी पार्टीका पनि मन्त्री छन् । यिनीहरुबाट समेत किन समाजवादी रूपान्तरण सम्बन्धी कार्यक्रमको त्यान्द्रो पनि देखिएन भन्ने प्रश्नले नै आम जनतामा छटपटी र निराशा बढाएको हो नै । देशको अर्थतन्त्र धराशायी हुनै लाग्दा पनि सबै ठिक छ शैलीमा नेपाली कांग्रेसका अर्थमन्त्रीले ल्याएको अर्थतन्त्रको समस्या नचिन्ने बजेटका कारण जनताको आक्रोश झनै बढेको देखिन्छ । यिनै कारणहरूले गर्दा यो समाजवादी मोर्चा किन ?, यसको आवश्यकता र औचित्य के हो ? गलित-थकित वृद्ध नेताहरूको अस्तित्वरक्षाका लागि नै यो मोर्चा बनेको त हैन ? भन्ने खालका प्रश्न उठेका देखिन्छन् ।

आम जनताको एक पङ्क्तिका तर्फबाट व्यक्त आलोचना, आशङ्का र आवेगजन्य अभिव्यक्तिको विश्लेषण गर्नु अघि नेकपा(एमाले)को उच्च नेतृत्वबाट व्यक्त तिरस्कारपूर्ण आलोचनाबारे केही लेखेपछि आम जनताका प्रश्नको उत्तर खोज्नु ठिक हुने छ । कुनै पनि साँचो कम्युनिस्ट पार्टीले समाजवादी शक्तिहरूका बीचमा हुने सानोभन्दा सानो समझदारी, मोर्चा वा सहकार्यको विरोध गर्दैन । वैचारिक भिन्नता वा असमझदारीका विषय उठाउन अवश्य सकिन्छ, आलोचना गर्न सकिन्छ तर कम्युनिस्ट- समाजवादीका बीचमा सहकार्य हुन्छ भने खिसीटिउरी अवश्य पनि गरिन्न । आफैं प्रतिगमनको भासमा डुबेको, आफ्नै बहुमतको संसद् विघटन गर्ने असंवैधानिक कार्यको महिमामण्डन गरिरहेको नेकपा(एमाले) को नेतृत्वबाट समाजवादी मोर्चा बन्ने परिघटनाको विरोध हुनु स्वाभाविकै देखिन्छ । नेकपा(एमाले) को दोस्रो-तेस्रो तहका नेताहरूको विडम्बना के छ भने उनीहरू अनौपचारिकरुपमा कुरा गर्दा प्रायजसो सबैले पार्टी नेतृत्वको अवैचारिक हठ,अहम्, व्यक्तिवादका कारणले आफ्नै बहुमतको संसद् विघटन हुनु पुगेको र सो परिघटना संविधानसम्मत नरहेको स्वीकार गर्दछन् तर त्यस विषयलाई पार्टीमा समीक्षाका लागिसमेत उठाउने आँट सम्म गर्दैनन् । यस्ताहरूले गरेको समाजवादी मोर्चा निर्माणको विषयमा गरिएको खिसीटिउरीको बारेमा यस सानो आलेखमा यसभन्दा बढी चर्चा नगर्दा पनि हुन्छ ।

समाजवादी मोर्चा घोषणा कार्यक्रममा कार्यकर्ताहरू उत्साहित देखिए, जुन स्वाभाविक छ तर जनतामा यतिका बढी वितृष्णा किन छ ? यस प्रश्नको आंशिक उत्तर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को स्वीकारोक्तिबाट पाउन सकिन्छ । "हामी संसदीय अभ्यास गरिरहेका पार्टीहरूमा केही न केही धुलो मैलो अवश्य लागेको होला, मोर्चामा विप्लवजीको आगमनले त्यो केही पखालिन्छ कि ..." । निश्चय नै विगतमा अवतरण गरिसकिएको बाटोमा फर्कन खोजेर नसकेका विप्लवले कसैको धुलो पखाल्दिने छैनन् । आफैं चरम विवादास्पद घटनाक्रमबाट अगाडि बढेका विप्लव र उनको पार्टीले आफ्नै धुलो पहिले धुनु पर्ने छ ।

यतिका हन्डर-ठक्कर खाएर बनेको सरकारले जनतालाई प्रत्यक्ष राहत दिने कार्यक्रम त ल्याउन सकेन सकेन, थलिएको अर्थतन्त्रलाई उठाउने कुनै पनि ठोस कार्यक्रम ल्याउन सकेन । साना किसानदेखि विभिन्न तहका व्यवसायी उठ्नै नसक्ने गरी थलिएका छन्, त्यसतर्फ सरकारको बजेटले कुनै सम्बोधन नै गरेन । युवा-विद्यार्थीको विदेश पलायन रोक्नका लागि शब्दसमेत खर्चिएन । कालोधन बाहिर ल्याउनका लागि कुनै प्रयास गरिएन । आकासिएको महँगी र कालोबजारीका विरुद्ध कुनै कदम चालिएन । भारतीय तरकारी महँगोमा आयात हुने र नेपाली तरकारीले बजार नपाएर खेतमै सुक्ने वा बाटोमा पोख्नु पर्ने समस्याले पनि जनतामा आक्रोश छ । राजनीतिक नियुक्तिमा आफन्तवाद, भाइभतिजावाद, नियुक्तिमा रकमको चलखेल हुने समाचार लगायतका विषयहरूले जनताको आक्रोशलाई झनै बढाएका छन् ।

सरकारमा सामेल पार्टीको कार्यकर्ता भएपछि खुल्ला गुण्डागर्दीमा पनि मुद्दा नलाग्ने, जनदबाबबाट मुद्दा लागिहाले पनि सरकारले नै मुद्दा फिर्ता लिने, सबै तहका अदालतबाट दोषी ठहर भएको मानिस सत्ताधारी नेताहरूकै शब्दमा 'क्रान्तिकारी' घोषणा गर्दै रिहा हुनेजस्ता प्रसङ्गले जनताको आक्रोशलाई बढाएका छन् ।

भुटानी शरणार्थी काण्डका दोस्रो तहका नाइकेहरू त कानुनी दायरामा आए तर मुख्य अभियुक्त र 'बोसहरू' लाई जोगाइयो भन्ने आम जनताको मनमा गहिरोगरी छाप परेको छ । तत्कालीन सत्ताका मुख्य मान्छेको संलग्नता बिना यति ठुलो काण्ड गर्ने हिम्मत कुनै पनि तहको मन्त्री वा सचिवको हुँदैन भन्ने भावना सर्वत्र भेटिन्छ । यी र यस्तै विषयहरूले गर्दा वर्तमान सरकारले गरेका कतिपय साहसिक र राम्रा कामहरूले जनताको मन जित्न सकिरहेका छैनन् । देशको राजनीतिप्रति आम जनतामा नकारात्मक भावना भरिएको छ । यस्तो बेलामा नयाँ राजनीतिक परिघटना आएको छ- समाजवादी मोर्चाको गठन ।

छोटो समयको सूचनामा पनि समाजवादी मोर्चा घोषणा कार्यक्रममा कार्यकर्ताहरूको बाक्लो उपस्थिति देखियो । कार्यकर्ताका बीचमा देखिएको उत्साहले गर्ने सङ्केत हो- अहिले मोर्चामा सामेल दलहरूले आफूलाई सुधारेर जाने हो भने अझै पनि कार्यकर्ताहरू साथ दिन तयार छन् । हरेक दलका नेताहरूका बारेमा तिनका कार्यकर्ताहरूलाई सबैकुरा थाहा छ । को आदर्शका भाषण गर्दछ तर नम्बरी भ्रष्टाचारी छ, को गुटबन्दीको विरोध गर्दै आफैं गुटबन्दी गर्दै हिँड्छ र इमानदार कार्यकर्तालाई भन्दा आसेपासेहरुको सल्लाहमा हिँड्छ, को परिबन्द र अभावका आँसु लुकाएर पनि इमानदारीका साथ काम गरिरहेको छ, कार्यकर्तालाई सबै थाहा छ । यति हुँदाहुँदै पनि मोर्चा गठनमा कार्यकर्ताहरू किन उत्साही देखिए त ? कार्यकर्ताहरूले नेतृत्वपंक्तिले सुदूर विगतमा गरेको त्याग र तपस्या देखेका छन् र अब सच्चिएर जालान् भन्ने आशा गरेका छन् ।

*(साभार: रातोपाटी)*

# आधारभूत स्वास्थ्य सेवाको दायित्वबाट पन्छिँदै संघीय सरकार

काठमाडौं/स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आधारभूत अस्पतालका जनशक्तिको तलबभत्ता आफैं व्यहोर्न स्थानीय तहहरुलाई आग्रह गरेको छ ।

स्वास्थ्यमन्त्री मोहन बहादुर बस्नेतले सोमबार राष्ट्रिय किताबखानामा दर्ता भएका निकाय र पद बाहेकमा कार्यरत कर्मचारीको तलब भत्ता व्यहोर्न नसक्ने निर्णय गरे । मन्त्रीको निर्णय अनुसार मन्त्रालयले ५, १० र १५ शय्याका आधारभूत अस्पतालका कर्मचारीको तलब भत्ता र अन्य सुविधा आफैं व्यहोर्न सबै स्थानीय तहलाई पत्र पठाएको छ ।



मन्त्रालयको तर्क छ, आधारभूत अस्पतालको दरबन्दीको नमूना तयार भएको छ तर स्वीकृत भएको छैन । 'आधारभूत अस्पतालको दरबन्दीको नमुना तयार भएको तर नेपाल सरकारद्वारा हालसम्म संगठन संरचना तथा दरबन्दी स्वीकृत भइसकेको हुँदा संघीय सरकारमा आर्थिक भार नपर्ने गरी पालिकाको आवश्यकता र आर्थिक स्रोत हेरी कर्मचारीसँगै तलव, भत्ता, अन्य सुविधाको व्यवस्थापन पालिकाबाटै हुन' मन्त्रालयले गरेको परिपत्रमा भनिएको छ ।

जानकारहरु भने यो निर्णय गरेर संघीय सरकारको स्वास्थ्य मन्त्रालय नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क दिनुपर्ने दायित्वबाट पन्छिन खोजेको बताउँछन् ।

२०७२ मा जारी संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यही संवैधानिक दायित्व पूरा गर्न स्वास्थ्य मन्त्रालयले हरेक स्थानीय तहमा आधारभूत अस्पताल र हरेक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने अवधारणा अघि सारेको पनि छ । १५ मंसिर २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले एकसाथ ३०९ अस्पतालको शिलान्यास गरेका थिए ।

स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्यांक अनुसार हालसम्म २१ वटा आधारभूत अस्पताल निर्माणको अन्तिम चरणमा छन् । आर्थिक वर्ष २०८०/०८१ सम्ममा १०० अस्पतालको निर्माण सम्पन्न हुने मन्त्रालयका अधिकारी दाबी गर्छन् ।

त्यति बेला कोरोना महामारी फैलियो । स्थानीय तहहरुले अस्थायी कोभिड अस्पतालहरु सञ्चालनमा ल्याए । स्थानीय जनप्रतिनिधिहरुका अनुसार कोरोना महामारी कम भएपछि स्वास्थ्य मन्त्रालयले नै अस्थायी कोभिड अस्पतालहरुलाई आधारभूत अस्पतालको रुपमा विकास गर्न सुझाव दियो । चिकित्सक र अरु कर्मचारी माग गर्दा मन्त्रालयले बनाएको संगठन संरचनाको खाका दिएर त्यसैअनुसार राख्नुस्, तलब पठाउँछौं भनेको उनीहरु बताउँछन् ।

प्रस्तावित संगठन संरचनाअनुसार १५ शय्याको आधार भूत अस्पतालमा एकजना एमडीजीपी चिकित्सक मेडिकल सुपरिन्टेन्डेन्ट, २ जना मेडिकल अफिसर, ६ जना स्टाफ नर्स, ४ जना हेल्थ असिस्टेन्ट, ल्याबरोटरी टेक्निसियन, रेडियोग्राफर, डेन्टल हाइजिनिस्ट, फार्मेसी असिस्टेन्ट लगायत ३० जना कर्मचारी हुनुपर्छ ।

१० शैययाको आधारभूत अस्पतालमा २ जना मेडिकल अफिसर, तीन जना हेल्थ असिस्टेन्टसहित २२ कर्मचारी र ५ शय्याको आधारभूत अस्पतालमा एकजना मेडिकल अफिसर सहित १८ जना कर्मचारी रहने मन्त्रालयको प्रस्तावमा उल्लेख छ ।

आधारभूत अस्पतालबाट जनशक्ति, स्वास्थ्य उपकरण तथा पूर्वाधारले भ्याएसम्म तोकिएका सबै किसिमका आधारभूत स्वास्थ्य सेवा दिने सरकारको योजना छ । बहिरंग, स्त्रीरोग, बालरोग, सामान्य शल्यक्रिया र चौबीसै घन्टा आकस्मिक सेवाका साथै प्रयोगशालाको सेवा पनि दिने भनिएको छ ।

मन्त्रालयले नै संगठन संरचना थमाएर रकम पठाउने आश्वासन दिएपछि कतिपय पालिकाले कोभिड अस्पताललाई त कतिपयले पालिकाभित्र भएका अन्य स्वास्थ्य संस्थालाई आधारभूत अस्पतालमा स्तरोन्नति गरेर सेवा दिइरहेका छन् ।

तर संघीय सरकारले दरबन्दी स्वीकृत नगरेको नाममा स्वास्थ्यमन्त्री बस्नेतले सोमबार गरेको निर्णयले यस्ता अस्पतालको सेवा प्रत्यक्ष प्रभावित हुने भएको छ ।

स्वास्थ्य मन्त्रालयको गरेको एक अध्ययनमा ५, १० र १५ बेडका आधारभूत अस्पताल सञ्चालनका लागि वर्षमा क्रमश: दुई करोड, डेढ करोड र एक करोड खर्च हुने देखिन्छ । अब यो रकम या त स्थानीय तहले आफ्नो स्रोतबाट खर्च गर्नुपर्छ, नभए सार्वसाधारणले आधारभूत स्वास्थ्य सेवा नपाउने अवस्था बन्छ ।

स्वास्थ्य मन्त्रालयका पूर्वप्रमुख विशेषज्ञ डा. सुशीलनाथ प्याकुरेल स्वास्थ्य मन्त्रालयको परिपत्र गलत भएको बताउँछन् । 'आधारभूत स्वास्थ्य सेवा सरकारको दायित्व हो, तर संघीय सरकार यो दायित्वबाट पन्छिन खोज्यो' उनले भने । केही व्यक्तिको स्वार्थका कारण आधारभूत अस्पतालको दरबन्दी स्वीकृत नभएको भन्दै प्याकुरेलले भने, 'यो परिपत्र स्वास्थ्य मन्त्रालयको नेतृत्वको नालायकीपन हो ।'

तत्कालीन स्वास्थ्यमन्त्री गगनकुमार थापाका सल्लाहकार रहेका प्रताप पौडेल पनि आधार भूत स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराउनु सरकारको दायित्व भएको बताउँछन् । 'यदि स्रोत छैन भने पठाउँछु, आधारभूत अस्पताल चलाउनुस् भन्नुपर्ने हो' उनले भने, 'दरबन्दी स्वीकृत भएन भनेर जुन परिपत्र भयो, यसमा संघीय सरकार आफ्नो जिम्मेवारीबाट भाग्न खोजेको देखियो ।'

स्वास्थ्य मन्त्रालयका अधिकारीहरु पनि स्रोतसाधन सम्पन्न महानगरपालिका र उपमहानगर पालिकाले आफ्नै स्रोतमा जनशक्ति राखेर आधारभूत अस्पताल सञ्चालन गर्नसक्ने भएपनि सबै स्थानीय तहले नसक्ने स्वीकार गर्छन् ।

'आधारभूत स्वास्थ्य सेवा नि:शुल्क दिनुपर्छ । उपकरण, फर्निचरको लागि खर्च दिएर मात्रै हुँदैन नि ! सरकारको दायित्व कर्मचारी व्यवस्थापन पनि गर्ने हो', ती अधिकारी भन्छन्, 'तर स्वास्थ्य र अर्थ मन्त्रालयका नेतृत्व तहमा बसेकाहरुको मानसिकता आधारभूत अस्पतालमा काम गर्ने कर्मचारी सरकारी होइन भन्ने देखियो ।'


मन्त्रालयको नीति तथा योजना अनुगमन महाशाखाका प्रमुख डा. कृष्णप्रसाद पौडेल भने जनशक्ति व्यवस्थापन तथा स्वास्थ्य सेवा सञ्चालनको जिम्मेवारीको कसको हो भनेर प्रष्ट नभएको तर्क गर्छन् ।


'जनशक्ति स्रोतको व्यवस्थापन संघ वा पालिका कसले गर्ने भन्ने विषय अलमलमा छ', स्वास्थ्य सेवा तीनै तहको जिम्मेवारीभित्र पर्ने भन्दै उनले भने, संघीय सरकारले निर्णय गरेर हामीले पठाउँछौ भनेको छैन । कसको जिम्मेवारी भन्ने जवाफ मसँग छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# नेपालमा प्रतिबन्ध लगाइएका ती बलिउड फिल्म

काठमाडौं/यतिबेला नेपालमा हिन्दी फिल्म 'आदिपुरुष'मा समावेश 'जानकी भारतकी छोरी हुन्' भन्ने आशयको संवादले ठूलो विवाद जन्माएको छ । यही संवादका कारण सोमबारबाट काठमाडौंसहित विभिन्न शहरमा फिल्मको प्रदर्शनमा प्रतिबन्ध लगाइएको छ । काठमाडौं र पोखरा महानगपालिकाले त फिल्मको सो संवाद भारतमा नसच्चाएसम्म सम्पूर्ण हिन्दी फिल्मको प्रदर्शन रोक्ने निर्णय नै गरेको छ ।




'आदिपुरुष' त केही शहरमा प्रतिबन्ध भएको हो । यसअघि केही भारतीय फिल्म नेपालमै प्रतिबन्ध भएका घटना पनि छन् । यसको सबैभन्दा ठूलो घटनाको रुपमा अभिनेता ऋतिक रोशनको फिल्म 'मिशन कश्मीर'लाई लिइन्छ । सन् २००० मा यो फिल्म रिलिज भएको थियो । त्यसबेला ऋतिकले 'नेपाल र नेपाली मन पर्दैन' भनेको भन्दै देशका विभिन्न शहरमा ठूलो हुल दंगा मच्चिएको थियो ।

ऋतिक रोशनविरुद्ध भएको प्रदर्शनमा २ जनाको ज्यान समेत गयो । जनताको आक्रोशलाई शान्त पार्न त्यसबेला सरकारले 'मिशन कश्मीर'सहित ऋतिकको सबै फिल्ममाथि नेपालमा प्रतिबन्ध लगाएको थियो । पछि पत्रकार रवीन्द्र मिश्रले ऋतिकसँग बिबिसीका लागि अन्तर्वार्ता लिएका थिए । र, ऋतिकले आफूले नेपाल र नेपालीको बारेमा कहीँ कतै केही नबोलेको प्रष्टीकरण दिएका थिए ।

नेपालमा भारतीय फिल्म प्रतिबन्ध भएको अर्को ठूलो घटना पनि छ । सन् २००९ मा बलिउड अभिनेता अक्षय कुमार स्टारर फिल्म 'चाँदनी चोक टु चाइना'लाई नेपाल सरकारले नै प्रदर्शनमा प्रतिबन्ध लगाएको थियो । फिल्ममा 'गौतम बुद्ध भारतमा जन्मिएका हुन्' भन्ने संवाद थियो । यही संवादका कारण पुष्पकमल दाहाल नेतृत्वको सरकारले नेपालमा उक्त फिल्मको प्रदर्शन नै रोकेको थियो ।

सूचना मन्त्रालयका तत्कालिन प्रवक्ता नारायण प्रसाद रेग्मीले 'चाँदनी चोक टु चाइना'को प्रदर्शन प्रतिबन्धबारे भनेका थिए, 'हामीले पूरै नेपालमा फिल्मको प्रदर्शनमा प्रतिबन्ध लगाएका छौं । सेन्सर बोर्डले प्रदर्शनका लागि अनुमति दिनुभन्दा अगाडि विवादास्पद संवाद हटाउन लगाएको थियो । तर, मानिसको भावनालाई मध्यनजर गर्दै हामीले फिल्मको प्रदर्शनमा नै प्रतिबन्ध लगाएका छौं ।'

सन् २०११ मा फिल्म 'देली बेली' पनि केही दिन नेपालमा प्रतिबन्ध भएको थियो । यो फिल्मको अश्लील संवादलाई लिएर काठमाडौं जिल्ला प्रशासनले प्रदर्शन रोक्न निर्देशन दिएको थियो । पछि उक्त संवाद संशोधित भएपछि नेपालमा फिल्म पुन: प्रदर्शन भएको थियो । सन् २०१३ मा अश्लील दृश्य र संवादका कारण अर्को बलिउड फिल्म 'मस्ती'लाई पनि नेपालमा चलाउन दिइएको थिएन ।

# हिट पर्खिरहेकी नम्रता

काठमाडौं/नेपाली फिल्म क्षेत्रमा 'नम्रता' नाम गरेका तीनजना अभिनेत्री छन् । जसमध्ये 'नोभेम्बर रेन' फेम्ड अभिनेत्री नम्रता श्रेष्ठको करिअर मात्र सुखद देखिन्छ । फिल्म 'अन्तराल'बाट डेब्यू गरेकी नम्रता सापकोटाको करिअर भने न खराब न अपेक्षाकृत छ । अहिलेसम्म उनले झन्डै एक दर्जन फिल्ममा काम गरिसकेकी छन् । तर, कुनैबाट उनले व्यावसायिक सफलताको महशुस गर्न पाएकी छैनन् ।



यद्यपि, नम्रता अभिनयमा भने अब्बल मानिन्छिन् । फिल्म असफल भैरहेता पनि उनको अभिनयको हमेशा प्रशंसा हुँदै आएको छ । यसैले त करिअरको सुरुवाती समयदेखि उनी खासै फिल्मविहीन हुनु परेको छैन । वर्षमा एउटासम्म फिल्ममा उनले काम गरेकै हुन्छिन् । म्यूजिक भिडियोमा पनि उनले निरन्तर काम गर्दै आइरहेकी छन् । मात्र उनले नपाएको भनेको फिल्मको सफलता हो ।

अघिल्लो वर्ष उनी अभिनीत फिल्म 'डेसान' प्रदर्शनमा आएको थियो । यस वर्षका लागि उनको पहिलो फिल्म 'नम्बरी सुन' आगामी भदौ १ गतेबाट प्रदर्शन हुँदैछ । नम्रतालाई यो फिल्म सफल हुनुपर्ने दबाब छ । किनकि, डेब्यू फिल्मदेखिको असफलताले उनको करिअरलाई सकसपूर्ण बनाएको छ । 'नम्बरी सुन'ले व्यावसायिक सफलता हासिल गरेको खण्डमा उनलाई ठूलो राहत मिल्नेछ ।

नम्रता बेला-बेलामा आफ्नो अभिव्यक्तिका कारण चर्चामा आउने गरेकी छन् । कोरोना महामारीको समयमा उनले नेपाली फिल्ममा नेपोटिज्म र ग्रुपिज्म व्याप्त रहेको भन्दै अभिव्यक्ति दिएपछि त्यसले ठूलो बहस सिर्जना गरेको थियो ।

त्यस्तै, केही समयअघि एक टीभी अन्तर्वार्तामा आफ्नो विवाह नभए पनि बच्चा जन्माउने योजना रहेको बताएपछि नम्रता एकाएक चर्चाको पात्र बनेकी थिइन् ।

# ब्रोकर लाइसेन्समा जवाफदेही बन्न धितोपत्र बोर्डलाई अर्थ समितिको निर्देशन

काठमाडौं/सांसदहरुले सेयर ब्रोकरको लाइसेन्समा धितोपत्र बोर्डको जवाफदेहीता र पारदर्शीता खोजेका छन् । प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिले सोमबार नेपाल धितोपत्र बोर्डका पदाधिकारीसँग छलफल गर्दै ब्रोकर लाइसेन्समा जवाफदेहीता खोजेको हो ।

२९ जेठमा बसेको समितिको बैठकले बोर्डसँग ब्रोकर लाइसेन्सको प्रक्रियाको विषयमा जवाफ माग्दा बोर्डले हतार हतार लाइसेन्स दिने निर्णय गरेको भन्दै समितिबाट अध्ययन नहुँदासम्म लाइसेन्स प्रक्रिया रोक्ने निर्देशन दिएको थियो । सोही विषयमा मंगलबार धितोपत्र बोर्डसँग छलफल गर्दै मापदण्ड पुगेको कम्पनीलाई सतर्क भएर लाइसेन्स दिन अर्थ समितिले निर्देशन दिएको हो ।

पूर्वअर्थमन्त्री विष्णु पौडेलले बोर्डले ब्रोकर लाइसेन्समा निर्धारण गरेको मापदण्ड राम्रो भएको भन्दै ती मापदण्ड कार्यान्वय कसरी भइरहेको छ भन्ने महतत्वपूर्ण हुने बताए ।

उनले अर्थ समितिमा विभिन्न किसिमका उजुरीहरु आउने भन्दै त्यसको प्रमाणको आधारमा प्राथमिकीकरण गरेर छलफल गर्नुपर्ने बताए । उनले ब्रोकर लाइसेन्सको विषय धेरै अगाडिदेखिकै भएको भन्दै अब पनि यसमा अध्ययन गर्ने भनेर अलमलम गर्न नहुने बताए ।

'लाइसेन्स प्रक्रियामा स्वच्छ प्रतिस्पर्धा, पारदर्शी, कानुनसम्मत भएको छ कि छैन त्यो हेनुपर्छ,' उनले भने, 'धितोपत्र बोर्डमाथि पनि सुपर रेगुलेटर हुन्छ भनेर बुझनुपर्छ । लाइसेन्समा मापदण्ड पुगेको छ कि छैन भनेर हेर्ने धितोपत्र बोर्डले हो । यो अर्थ समितिको अधिकारक्षेत्र होइन।'

कांग्रेस सांसद तथा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पनि समितिका पर्ने उजुरीको प्रमाणका आधारमा छलफल गर्नुपर्ने भन्दै आएका सबै उजुरीलाई छलफल गर्दा संसदको समय मात्रै खेर जाने बताए । 'नेपालमै पहिलो पटक खुला प्रतिस्पर्धा भएर लाइसेन्स वितरण भइरहेको छ । अर्थ समितिमा उजुरी हाल्नेको होड नै छ । उजुरी कति सत्य र तथ्यमा आधारित हुनुपर्छ,' कार्कीले भने, 'उजुरी परेकै आधारमा बैठक डाक्ने र छलफल गर्दा समय मात्रै बर्बादी हो । लाइसेन्समा बोर्ड अध्यक्ष जवाफदेही हुनुपर्छ । मापदण्ड नपुगेकालाई दिएको खण्डमा जवाफदेही हुने बोर्ड नै हो ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद एवम् अर्थविद् स्वर्णिम वाग्लेले बजारमुखी अर्थतन्त्रमा प्रतिस्पर्धाबाट लागत र मूल्य घटाउने र त्यसको लाभ उपभाक्ताले भन्दै प्रतिस्पर्धा हुनेगरी लाइसेन्स दिने विषय सकारात्मक भएको बताए । 'लाइसेन्स प्रणालीमा कोटा शब्द नै नदिऔं भन्ने बोर्डको सोच सकारात्मक छ,' उनले भने, 'उद्यमी व्यवसायी पनि नेता र कर्मचारीको घरदैलो धाउनु नपर्ने वातावरण बनाएर उनीहरूको पूँजी स्वचालित रूपमा लगानी गर्ने वातावरण हुन सकेको छैन । नेपालमा यसको लागि सार्थक हस्तक्षेप हुन सकेको छैन ।' उनले बजार स्वनियमन हुने भन्दै त्यसमा नियामकककाे भूमिका हुनुपर्ने बताए ।

'प्रक्रिया पुगेका सबैले लाइसेन्स पाएका हुन् भनेर कन्फिडेन्ट साथ भन्न सक्नुहुन्छ ?,' वाग्लेले भने, 'बोर्ड अध्यक्ष यसमा जवाफदेही हुनुपर्छ । प्रतिस्पर्धा बढाउन र नयाँ ब्रोकरको आन्दोलन लामो समयदेखि छ । यसमा अल्मल्याउने र समिति बनाउने हुँदैन।'

बोर्ड अध्यक्षले कोटा प्रणालीलाई उन्मूलन गर्न खोजेको हो र यसबाट नेपालको पूँजीबजार एक तह माथि पुग्छ भने प्रतिबद्धता जानाउनुपर्ने उनले बताए । ब्रोकर लाइसेन्समा तजबिजि अधिकार प्रयोग भएको छ कि छैन ? ब्रोकर लाइसेन्समा पनि अनियमितता प्रश्न उठेकोले आशंका गर्ने अवस्था भएको सांसद वाग्लेले बताए ।

एमाले प्रमुख सचेतक पदम गिरीले पुरना कम्पनीलाई मात्रै सीमित गर्नेमा सैद्धान्तिक रूपमा सहमत नभएको बताए । 'ब्रोकर लाइसेन्समा 'ओपन इन्ट्री ओपन एक्जिट' गर्नुपर्छ । यो पारदर्शी प्रक्रिया हुन्नुपर्छ,' उनले भने, 'आर्थिक अनियमितता भयो कि भन्ने प्रश्न उठेपछि छलफल भएको हो । त्यो जानकारी सबैले पाउनुपर्छ । लाइसेन्स दिंदा पारदर्शिता र सुशासनको मामिलामा प्रश्न उठ्ने वातावरण नबनोस् ।'

नयाँ लाइसेन्स दिएर प्रतिस्पर्धी बनाएर जानुपर्छ भन्नेमा आफू पनि सहमत रहेको उनले बताए । 'ब्रोकर लाइसेन्सको प्रक्रिया के भएको हो भनेर समितिले सोध्दा सोही दिन राति बोर्ड बैठक बसेर थप ११ लाइसेन्स दिइयो । त्यसले आशंका उब्जायो,' उनले भने, 'समितिले लाइसेन्स रोक्न खोजेको होइन । तर, यसमा उठेका अनियमिता प्रश्नको विषयमा बोर्डसँग छलफल गरौं भनेर केही समय रोकौं भनेको हो ।'

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश हमालले भने सेयर ब्रोकरको लाइसेन्समा बोर्ड अध्यक्ष र कर्मचारीको तजबिजी अधिकार अन्त्य गर्दै पहिलो पटक मापदण्ड पुगेका सबैले ब्रोकर लाइसेन्स पाउने अवस्था बनेको दाबी गरे ।

*(स्रोत: अनलाइनखबर)*

# विश्वकप छनोट क्रिकेटमा नेपालको पहिलो जित

काठमाडौं/विश्वकप छनोट क्रिकेटमा अमेरिकासँगको खेलमा नेपाल ६ विकेटले विजयी भएको छ । जिम्बाव्वेको हरारेमा जितका लागि पाएको २०८ रनको लक्ष्य नेपालले ४३ ओभरमा ४ विकेट गुमाएर भेट्टायो । नेपाललाई जिताउन भीम सार्की र दीपेन्द्रसिंह ऐरीले नट आउट ७४ रनको साझेदारी गरेका थिए । सार्की ७७ र ऐरी ३९ रनमा नट आउट रहे ।

ओपनर कुशल भुर्तेल ३१ र आसिफ शेख १२ रनमा आउट भए । कप्तान रोहित पौडेल १६ र कुशल मल्ल १३ रनमा पभेलियन फर्केका थिए । यसअघि टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको अमेरिकाले ४९ ओभरमा सबै विकेट गुमाएर २०७ रन बनायो । उसका सयन जंहागीर १०० रनमा अविजित रहे ।

अमेरिकाको सुरुवात निकै खराब थियो । पावर प्लेमा करण केसीले घातक बलिङ गरेपछि अमेरिकाले १९ रन जोड्दा महत्वपूर्ण चार विकेट गुमाइसकेको थियो ।

तर सुशान्त मदानी र गजानन्द सिंहले पारी सम्हाले । दुबैले पाँचौं विकेटका लागि ४७ रनको साझेदारी गरे । २२औं ओभरको तेस्रो बलमा दिपेन्द्र सिंह ऐरीले यो साझेदारी तोडे । २६ रन बनाएका गजानन्दलाई आरिफ शेखले स्लिपमा क्याच गरे ।

तर सातौं नम्बरमा ब्याटिङ गर्न आएका जंहागीरले क्रिजमा डटेर खेले । उनले छैटौं विकेट मदानीसँग २९ रनको साझेदारी गरे । ४२ रन बनाएका मदानीलाई ललित र ाजवंशीले क्लिन बोल्ड गरे । निसर्ग पटेलले ३४ रनको साझेदारी गरे, पटेललाई गुल्सन झाले विकेटकिपर आसिफ शेखको हातबाट क्याच आउट गराए ।

त्यसपछि आएका जेस्सी सिंहले जंहागीरसँग ४२ रनको साझेदारी गरे । जेस्सीलाई दिपेन्द्र सिंह ऐरीले कप्तान रोहित पौडेलको हातबाट क्याच आउट गराए ।

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा


"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# बागमती प्रदेशमा बनेका शितभण्डार प्रयोगविहीन

साझाकुरा संवाददाता



हेटौंडा, ५ असार/ बागमती प्रदेशमा किसानको पायक पर्ने स्थानमा भन्दा सेटिङमा निर्माण गरिएका धेरै शितभण्डार प्रयोगबिहिन बनेका छन् । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले एउटै ठेकेदारलाई पोस्नेगरी निर्माण गरिएका शित भण्डारका लागि हरेक वर्ष रकम निकासा गर्ने र ठेकेदारलाई पोस्ने भन्दा बाहेक अरु काम भएको छैन ।

शितभण्डार निर्माण सुरु गरेदेखि अहिलेसम्म हरेक वर्ष शितभण्डार निर्माणका लागि बजेट निकासा गर्ने तर, शितभण्डारबाट उपलब्धी नहुने समस्या छ । किसानको उत्पादन भण्डारण गर्न सहज हुनेगरी शितभण्डार निर्माण हुन नसकेको स्थानीय किसानले आरोप लगाएका छन् । किसानको उत्पादन एकातिर शितभण्डार अर्कैतिर निर्माण भएको भन्दै किसानले शितभण्डारप्रति बेवास्ता गरेका छन् ।

स्थानीय सहकारी संस्थाहरुसँगको लागत साझेदारीमा निर्माण गरिएका शितभण्डारका लागि सहकारीले गर्नुपर्ने लगानी स्थानीय सरकारले गर्दै आएका छन् । तैपनि त्यहाँ भएको प्रदेश सरकारको लगानीको उपलब्धी भएको छैन । हरेक वर्ष महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा बागमती प्रदेशले निर्माण गरेका शितभण्डारमा गरिएको सरकारी खर्चका विषयमा प्रश्न उठाउँदै आएको छ ।

बागमती प्रदेश सरकारले 'एक जिल्ला एक शीतभण्डार' अवधारणा ल्याएर सबै जिल्लामा शीतभण्डार निर्माण गरिरहेको छ । मकवानपुरको थाहा-३ मा ११ करोड ४७ लाख रुपैयाँमा १ हजार ७ सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माण भएको छ । यसमा प्रदेश सरकारको ८ करोड ३ लाख र उत्तरी क्षेत्रका २७ वटा सहकारीको ३ करोड ४४ लाख लगानी छ । यहाँ उपकरण राख्न प्रदेश सरकारले ३ करोडको टेन्डर निकालेको छ ।

थाहामा यो सहित सानाठूला ४ वटा शीतभण्डार हुनेछन् । थाहा-६ मा साना किसान कृषि सहकारी संस्थाले ३ वर्षअघिबाट ५५ टन क्षमताको शीतभण्डारमा आलु राख्ने गरेको छ । थाहा-२ मा निजी क्षेत्रको मैना कृषिसेवा प्रालिले शीतभण्डार सञ्चालन गरेको छ । यसअघि थाहानगरका किसानले उत्पादन गरेको आलु बीउ रोप्ने सिजनमा निकाल्न मिल्ने गरी रष्टिक स्टोरमा भण्डारण गरि रहेका थिए ।

तरकारी र आलु पकेट क्षेत्र लक्षित गरी बागमती प्रदेश सरकारले दोलखा शैलुङ-३ बोत्लेमा निर्माण गरेको शीतभण्डारमा उत्पादित वस्तु राख्न किसानले चासो नदेखाएपछि सञ्चालनमा आउन सकेको छैन । ६ करोड लगानीमा ३ सय मेट्रिकटन क्षमताका ४ वटा चिस्यान भवन, कार्यालयसहित अत्याधुनिक उपकरण जडान भएर परीक्षणसमेत भइसकेको छ । माथिल्लो क्षेत्रमा आलु उत्पादन हुने र शीतभण्डार तल्लो क्षेत्रमा निर्माण भएका कारण किसानले असजिलो मानेर प्रयोग गर्न नचाहेको स्थानीय कृषक पूर्णबहादुर खड्काले बताए ।

हिउँदमा लगाएको आलु शैलुङक्षेत्रबाट असार साउनमा बिक्री हुन्छ । बेमौसमी आलुबाट किसानले राम्रो भाउ पाउँछन । 'बेमौसमी तरकारीको बारीमै भाउ पाइने भएकाले शीतभण्डारमा राख्नु पर्दैन,' खड्काले भने, '२/४ बोरा आलु राखेर भएन, बारीमै आलु ब्यापारी लिन आएकाले राख्ने गरेका छैनौं ।' शैलुङ गाउँपालिकाका अध्यक्ष रिमलबाबु श्रेष्ठले नि:शुल्क भण्डारण गर्न आग्रह गरे पनि किसानले चासो नदिएको बताए । 'शीतभण्डार सञ्चालनका लागि मासिक एक लाख रुपैयाँ खर्च भइरहेको छ,' उनले भने ।

रामेछापमा प्रदेश सरकार र मन्थली नगरपालिकाले निर्माण थालेको शीतभण्डार ३ वर्षदेखि अलपत्र छ । करिब ७ करोड लगानीमा निर्माणाधीन शीतभण्डारमा बिजुली जोड्ने उपकरण, कम्पाउन्ड वाललगायत पूर्वाधार निर्माण बाँकी छ । थप लगानीका विषयमा विवाद भएपछि सञ्चालनमा ल्याउन अन्योल भएको नगरपालिकाका इन्जिनियर डिल्लीबहादुर अधिकारीले बताए । जुनार राख्न सिन्धुलीमा एक करोड लागतमा कमलामाई-४ दोभानटारमा निर्मित ३ सय ६० मेट्रिक टन क्षमताको शीतभण्डार प्रयोगविहीन अवस्थामा छ । झन्डै १५ वर्षअघि निर्माण भएको भवनमा दुई सिजन जुनार तथा आलु भण्डारण गरिएको थियो । त्यसपछि खर्च धान्नै नसकेर प्रयोगमा आउन सकेको छैन ।

सिन्धुपाल्चोकमा आधा दर्जन शीतभण्डारमध्ये केही अलपत्र र केही निर्माणाधीन छन् । काभ्रेमा निजी क्षेत्रको लगानीमा चारवटा शीतभण्डार सञ्चालनमा छन् । पनौती-९ को जगदम्बा कोल्डस्टोरका प्रबन्धक मोतीराम भट्टराई किसानले पर्याप्त उत्पादन नै नगर्दा शीतभण्डारले काम नपाएको बताउँछन् । १२ करोड लगानी गरिएको शीतभण्डार सञ्चालन खर्च धान्न मुस्किल भइरहेको उनले बताए । २०४९ देखि सञ्चालनमा रहेको बनेपा बुडोलस्थित २५ सय मेट्रिक टन क्षमताको पाँचखाल शीतभण्डार भने कृषकले प्रयोग गर्दै आएका छन् ।

बागमती प्रदेशको साविकको भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले निर्माण सुरु गरेको अधिकांश शीतभण्डार अलपत्र अवस्थामा छन् । सरकारले प्रदेशका १३ वटै जिल्लामा व्यावसायिक कृषकलाई लक्षित गरी शीतभण्डार निर्माणको काम थालेको थियो । निर्माण कार्य प्रारम्भ भएको ५ वर्षसम्म पनि ती शीतभण्डारले पूर्णता पाउन सकेका छैनन् । स्थानीय सहकारी संस्था तथा निजी क्षेत्रसँगको साझेदारीमा मन्त्रालयले शीतभण्डार निर्माणको काम अघि बढाएको थियो । प्रदेश सरकारले सहकारी निजी सहकार्यमा कुल लागतको निश्चित प्रतिशत रकम व्यहोर्ने गरी शीतभण्डार निर्माणको सम्झौता गरेको थियो ।

सरकारले ९७ करोड ८३ लाख ६३ हजार रुपैयाँ लागतमा प्रदेशका १० वटा शीतभण्डार निर्माण सुरु गरेको हो । सरकारले चितवनको खैरहनी नगरपालिका-६, धादिङको बेनीघाट रोराङ गाउँपालिका-७, र सुवाको कालिका गाउँपालिका-२, सिन्धुलीको सुनकोसी गाउँपालिका-५, सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-७, सिन्धुपाल्चोककै इन्द्रावती गाउँपालिका, दोलखाको जिरी नगरपालिका-५, रामेछापको मन्थली नगरपालिका, नुवाकोटको विदुर नगरपालिका-५ र नुवाकोटकै बेलकोटगढी नगरपालिका-१० मा शीतभण्डार निर्माण सुरु गरेको थियो ।

प्रदेश सरकारले अधिकांश शीतभण्डारको निर्माणको लागि २ वर्षको समयावधि दिएर ठेक्कासम्झौता गरेको थियो । सम्झौता अनुसार १० वटा शीतभण्डार २०७८ मै सम्पन्न भइ हस्तान्तरण भइसक्नु पर्ने थियो । तर, ती शीतभण्डारको भौतिक संरचनाको निर्माणको काम अझै बाँकी छ ।

# राक्सिराङमा कुपोषणको जोखिम

साझाकुरा संवाददाता



हेटौंडा, ५ असार/ पश्चिमी मकवानपुरको राक्सिराङ गाउँपालिकाको चेपाङ बस्तीमा पछिल्लो समयमा बालबालिकामा कुपोषणको समस्या जटिल बन्दै गएको छ । तीनै तहको सरकारले बालबालिका लक्षित पोषण कार्यक्रम सञ्चालन गर्दै आएपनि चेपाङ बालबालिकामा कुपोषणको समस्या घटेको छैन ।

राक्सिराङ गाउँपालिकामा संघीय सरकारले केही वर्षदेखि चेपाङ समुदायका बालबालिकालाई लक्षित गरी चेपाङ स्वास्थ्य सुधारअन्तर्गत कुपोषण न्यूनीकरणका लागि बालबालिकाको पोषण अवस्था लेखाजोखा तथा सुधार कार्यक्रम सञ्चालन गर्दै आएको छ तर, चेपाङ समुदायको बालबालिकामा कुपोषणको समस्यमा सुधार आउन सकेको छैन ।

चेपाङ स्वास्थ्य सुधार अन्तर्गत कुपोषण न्यूनीकरणका लागि कार्यक्रम सञ्चालनमा आएको लामो समयपछि राक्सिराङ गाउँपालिकाको स्वास्थ्य शाखाले पहिलो पटक चेपाङ बालबालिकाको पोषण अवस्था जाँच गर्न टोल र बस्तीस्तरमा स्वास्थ्यकर्मी परिचालन गरेको छ । गाउँपालिकाको स्वास्थ्य शाखाका स्वास्थ्यसंयोजक विजयकुमार कापरीले विकट बस्तीमा खाद्यान्न अभाव देखिएपछि अभियानकारुपमा टोल र बस्तीस्तरमा बालबालिकाको पोषणको अवस्था जाँच गर्न थालिएको जानकारी दिए ।

शुक्रबारदेखि गाउँपालिकाको नौवटै वडामा सुरु गरिएको अभियान अन्तर्गत छ महिनादेखि ५९ महिना मुनिका चेपाङ बालबालिकालाई लक्षित गरी स्वास्थ्यकर्मीले पोषणको अवस्था जाँच गरिरहेका छन् । स्वास्थ्यकर्मीले बालबालिकाको तौल, उचाइ र पाखुराको नाप लिएर बालबालिकाको कुपोषणको अवस्था पत्ता लगाउने बताउँदै गाउँपालिकाभित्र रहेका ७१ वटा टोलमा परीक्षण कार्य असार ७ गतेसम्म सञ्चालन हुने उनले जानकारी दिए । दुई दिनमा २५ वटा टोलमा ७ सय ३४ जना बालबालिकाको पोषण लेखाजोखा गरिएकामा ६६ जना अर्थात् नौ प्रतिशतमा कडा शीघ्र कुपोषण र ९४ जनामा मध्यम शीघ्र कुपोषण देखिएको छ । '७३४ जना बालबालिकाको पोषण लेखाजोखा गर्दा १६० जना अर्थात् २२ प्रतिशतमा कुपोषण देखिएको छ ।

पोषणका दृष्टिले यो बालबालिकाको जटिल अवस्था हो, तत्काल समाधान आवश्यक छ अन्यथा स्वास्थ्यमा दीर्घकालीन प्रभाव पार्छ,' स्वास्थ्यसंयोजक कापरीले भने । उनका अनुसार पाँच जनाको पोषण लेखाजोखा गर्दा दुई जनामा कुपोषण देखिएको छ । पोषणको अवस्था सुधार गर्न बालबालिकाबीच स्वास्थ्य प्रतियोगिता, सरसफाइ, मातृ तथा नवजात शिशु मृत्यु न्यूनीकरण कार्यक्रम, चेपाङ आमालाई पोषणसम्बन्धी तालिम प्रदान गर्दै आएका र कुपोषण भएकाहरुका लागि बालबालिकाको अवस्था अनुसार उपचारात्मक खाना प्रदान गरिँदै आएको उनले जानकारी दिए ।

उपचारात्मक खानाको प्रयोग ४२ दिनसम्ममा पनि कुपोषण भएका बालबालिकाको अवस्थामा सुधार नआएमा सदरमुकाम हेटौंडामा रहेको पोषण पुनर्स्थापना केन्द्रमा पठाइने गरिएको छ। 'चेपाङ स्वास्थ्य सुधारअन्तर्गत कुपोषण न्यूनीकरणका लागि बालबालिकाको पोषण अवस्था लेखाजोखा तथा सुधार कार्यक्रम चेपाङ बालबालिकालक्षित हो तर गाउँपालिकामा कुपोषणको समस्या रहेकाले अन्य समुदायका बालबालिकाको पनि पोषण अवस्था लेखाजोखा गर्ने र अवस्था अनुसार उपचारात्मक खाना प्रदान गर्ने गरिएको छ,' स्वास्थ्यसंयोजक कापरीले अगाडि भने ।

गाउँपालिकाको वडा नं. ७ मा २०८ जनाको जाँच गर्दा २५ जनामा कडा कुपोषण र ४४ जनामा मध्यम कुपोषणको अवस्था रहेको पाइएको छ । यस्तै वडा नं. ८ मा ४५ जना चेपाङ बालबालिकाको पोषण अवस्था लेखाजोखा गर्दा २८ जनामा कुपोषण भएको पाइएको थियो । तीमध्ये १६ जना बालबालिकालाई कडा शीघ्र कुपोषण र १२ जना बालबालिकालाई मध्यम शीघ्र कुपोषण भएको भेटिएको गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

उनले कुपोषण भएका बालबालिकालाई उपचारात्मक खाना प्रदान गर्ने गरिए पनि चेपाङ समुदायको आम्दानीको स्रोत नभएको, आर्थिक अवस्था कमजोर र चरम खाद्यान्न अभाव बेहोर्दै आएकाले उपचारात्मक खाना दीर्घकालीन समस्याको समाधान बन्न नसकेकाले विकल्पको खोजी गर्नुपर्ने बताए । प्रत्येक दिन नौवटा टोलमा पुग्ने गरी बालबालिकाको पोषण अवस्था लेखाजोखा गर्न एउटा टोलीमा चार जना स्वास्थ्यकर्मीसहितको टोली परिचालन गरिएको छ ।

# मनहरीका गणित शिक्षकलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ मनहरी गाउँपालिका शिक्षा शाखाले गाउँपालिकाअन्तर्गतका निमावि र मावि तहका गणित विषयका शिक्षकहरुलाई तालिम दिएको छ ।

तालिममा नयाँ परिमार्जित पाठ्यक्रमको प्रवोधिकरण, गणित विषयको परियोजना कार्य निर्माण, प्रयोगात्मक परीक्षा कसरी लिने ?, अंक कसरी प्रदान गर्ने ?, गणित विषयलाई सजिलो विषय कसरी बनाउने ? भन्ने विषयमा शिक्षकलाई जानकारी गराइने भएको छ । साथै नयाँ पाठ्यक्रम अनुसार कसरी प्रश्नपत्र निर्माण गर्ने ?, गणित प्रयोगशालामा आवश्यक सामग्री निर्माण, शिक्षण सिकाई सामग्री निर्माणलगायतका विषयमा तालिम दिइने भएको छ । शिक्षा शाखाले सोमबारबाट पाँच दिवसीय पेशागत क्षमता विकास तालिम सुरु गरेको शिक्षा शाखाका प्रमुख हरिचन्द्र सापकोटाले जानकारी दिए ।

तालिममा मावि विद्यालयबाट निमावि र मावि गरी २ र निमावि विद्यालयबाट १ जना गणित विषयको शिक्षक उपस्थित भएको सापकोटाले बताए । तालिमपश्चात शिक्षकमा कसरी शिक्षण गर्ने, विद्यार्थी केन्द्रित शिक्षण, नयाँ पाठ्यक्रम अनुरुपको शिक्षण लगायतको विषयमा जानकार हुने अपेक्षा राखिएको छ । तालिम ८ गतेसम्म सञ्चालन हुनेछ । कार्यक्रममा गाउँ शिक्षा शाखा प्रमुख सापकोटा, स्रोतव्यक्ति पूर्णभद्र भुषाललगायतको उपस्थिति रहेको थियो ।

यसैगरी, मनहरी गाउँपालिकाद्वारा महिलाका लागि तोफू तथा मिक्स अचार बनाउने तालिम आयोजना गरिएको छ । गाउँपालकाले महिलाको आय आर्जनमा टेवा पुगोस भन्ने उद्देश्यले ५ दिने तोफू तथा मिक्स अचार बनाउने तालिम प्रदान गरिएको हो । तालिममा ३५ जना महिला सहभागी छन् । अचार बनाएर आयआर्जन गरी आत्मनिर्भर बन्न सक्ने गरी तालिमको आयोजना गरिएको मनहरी गाउँपालिकाका उपाध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष सीता पुलामी मगर (रेखा)ले जानकारी दिइन् । तालिमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले सहभागीलाई सिकेका विषय व्यवहारमा लागू गर्न आग्रह गरे ।

तालिमका लागि मात्र नभई दैनिक जीवनमा लागु गर्नुपर्ने उनले बताए । गाउँघरमा नै उत्पादन हुने, आँप, गाँजर, मुला लगायतका उत्पादनलाई नयाँ ढंगबाट बजारीकरण गर्न सकिने र यसको मूल्यसमेत राम्रो भएकोले उत्पादन गर्न पछि नहट्न आग्रह गर्दै यसको बजारीकरणक लागि गाउँपालिकाले नै समन्वय गर्ने अध्यक्ष कालाखेतीले विश्वास दिलाए । 'तपाँईहरु उत्पादन गर्नुस, बिक्री नहोला कि भन्ने सोच्नु पर्दैन । यसका लागि गाउँपालिकाले तपाईहरुको उत्पादन र बिक्रिमा मद्दत गर्छ ।,' उनले प्रतिबद्धता जनाए ।

# पशुपतिनाथ माविका ६० जनालाई शैक्षिक सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ मकवानपुरको मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ माविका ६० जना बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरिएको छ । कोरियामा अध्ययन गरिरहेका नेपाली विद्यार्थीको समूहले विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको हो ।

स्थानीय जनजागरण युवा क्लबको समन्वयमा कक्षा १ देखि ५ सम्मका ६० जना बालबालिकालाई शैक्षिक सामग्री, स्कुल ब्याग हस्तान्तरण गरिएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधब गौतम, जनजागरण क्लबका अध्यक्ष बालमुकुन्द ढकालले विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेका थिए । विद्यालय व्यवस्थापन समितिका पूर्बअध्यक्ष मानबहादुर बिष्टका परिबारले कोरियाबाट शैक्षिक सामग्री सहयोग उपलब्ध गराएका थिए ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्य, शिक्षक रामचन्द्र तिमल्सिना, कलावती गौतम, क्लबका उज्ज्वल बिष्ट लगायतका सहभागिता रहेको थियो । पशुपतिनाथ माविमा ५ सय १५ जना बालबालिका अध्ययन गरिरहेका छन् ।

# सालकलाई रानी सामुदायिक वनको काख

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/बारीमा भेटिएको लोपोन्मुख सालकलाई हेटौंडा-६, चौघडामा रहेको रानी सामुदायिक वनमा छाडिएको छ ।

हेटौंडा-६ स्थित राज कुमार बास्तोलाको बारीमा खनिरहेको समयमा स्थानीय शोभा घिमिरेले देखेर वन समूहलाई खवर गरेका थिए । करिव ६ केजीको उक्त कालो सालकलाई वन समूहका कार्यालय सचिव भीमसेन पौडेलले समूहद्वारा निर्मित सालक केजमा छाडिएको छ । संरक्षित सूचीमा रहेको सालकको संरक्षण, यसको फाइदा, कानूनी व्यवस्था , जनचेतनमामूलक कार्यक्रम समूहले सञ्चालन गर्दै आएको छ । विद्यालयस्तरीय निबन्ध, हाजिरजवाफ, वक्तृत्वकला, सचेतनामूलक होडिङ बोर्ड, उपभोक्तालाई तालिम, सरोकारवाला बीच अन्तरक्रियालगायत काम पनि समूहले सञ्चालन गर्दै आएको छ ।

जिल्ला तथा जिल्ला बाहिर विभिन्न स्थानहरुमा भेटिएको सालकलाई रानी सामुदायिक वनमा बुझाउने गरिएको छ । लोपोन्मुख सालकलाई रानी सामुदायिक वन उपभोक्ता समूहले २०६२ सालदेखि संरक्षण गर्दै आएको छ । रानी सामुदायिक वन समूह क्षेत्रभित्र करिव ३ दर्जन सालकको बसोवास रहेको कार्यालय सचिव पौडेलले जानकारी दिए ।

# भीमफेदीमा कार दुर्घटना: चालकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ जिल्लाको भीमफेदी गाउँपालिका वडा नम्बर ८ गगटेस्थित कान्तिलोकपथ सडक खण्डबाट कार खोचमा खसेर दुर्घटना भएको छ ।

दुर्घटनग्रस्त कारसँगै भीरमा खसेका चालक मृत भेटिएका छन् । नेपाल प्रहरी र नेपाल आर्मीको संयुक्त टोलीले चालक हेटौंडा उपमहानगरपालिका वडा नम्बर ३ बसामाडी बस्ने ३० वर्षीय विवेक लामालाई भीरको बीच भागबाट मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बीएसी ०५३७ नम्बरको कार मंगलबार दिउँसो आफै अनियन्त्रित भएर सडकबाट करिब तीन सय मिटर तल खोचमा खसेको प्रवक्ता कार्कीले जानकारी दिए ।

कारमा भीमफेदी गाउँपालिका-५ बस्ने ४५ वर्षीय राजकुमार बल र चालक लामा सवार थिए । बल कारबाट खसेर दुर्घटनास्थल माथि नै अड्किएका थिए भने चालक कारसँगै भिरमा खसेका थिए । कारबाट खसेर घाइते भएका बललाई उपचारका लागि हेटौंडा अस्पतालमा ल्याइएको छ ।

# अपाङ्गता भएका विद्यार्थीलाई शैक्षिकसामग्री बितरण

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ महेन्द्रकिरण माविमा अध्ययनरत ७ जना अपाङ्गता भएका विद्यार्थीलाई गाउँपालिकाको आर्थिक सहयोगमा अपाङ्ग स्वाबलम्बन जीवनपद्धति सेवाकेन्द्रले शैक्षिकसामग्री बितरण गरेको छ । समुदायमा आधारित पुन:स्थापन कार्यक्रमअन्तर्गत अपाङ्गता भएका विद्यार्थीकालागि शैक्षिकसामग्री बितरण गरिएको सस्थाका अध्यक्ष दिलबहादुर स्याङ्बोले जानकारी दिए ।

सामग्री बितरण गर्दै विद्यालयका प्रधानाध्यापक शिवबहादुर रिमालले विद्यालयमा अध्ययनरत विद्यार्थीलाई उनीहरुको हौसला बढाउन गरिएको प्रयासलाई सही सदुपयोग गर्नेमा बिश्वस्त रहेको बताए । साथै आगामी दिनमा यस्तै सहयोगको लागि संस्थासँग सहकार्य गर्दै अगाडि बढ्ने बताए ।

सामग्री बितरण कार्यक्रममै संस्थाका अध्यक्ष स्याङ्बोले अपाङ्गता कार्ड कोही कसैको बनेको छैन भने सहयोग गरिने बताए । संस्थाले अपाङ्गताको क्षेत्रमा बिगतदेखि नै आवाज उठाउदै आईरहेको बताउदै अपाङ्गता भएका विद्यार्थीलाई मिहेनत गरेर अध्ययन गर्न आग्रह गरे । शैक्षिक सामग्री अन्तर्गत एक सेट स्कुल ड्रेस, कापी, कलम, झोला लगायत अन्य सामग्री रहेको थियो ।

बितरण कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक नरहरि कार्की, पूर्बप्रधानाध्यापक राधेलाल मण्डल लगायत शिक्षकको उपस्थिति रहेको थियो ।

# जनज्योति माविलाई सिलिङ पंखा सहयोग

साझाकुरा संवाददाता



हेटौंडा, ५ असार/ हेटौंडा उपमहानगरपालिका-१४ नम्बर वडास्थित जनज्योति माध्यमिक विद्यालयलाई मीनबहादुर थपलिया स्मृति प्रतिष्ठानले २ वटा सिलिङ पंखा सहयोग गरेको छ ।

मंगलबार स्वर्गीय मीनबहादुर थपलियाको १८ औं स्मृतिदिवसको अवसरमा जनज्योति माध्यमिक विद्यालयलाई प्रतिष्ठानले २ वटा सिलिङ पंखा हस्तान्तरण गरेको हो । कार्यक्रमका प्रमुख अतिथि प्रदेश युवा परिषद् बागमतीका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईं र विशिष्ट अतिथि वडाध्यक्ष दीपक खड्काले विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामचन्द्र दुंगाना र प्रधानाध्यापक भोगेन्द्र लुईटेललाई पंखा हस्तान्तरण गरेका हुन् ।


प्रतिष्ठानका अध्यक्ष बालकृष्ण अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१४ का वडाअध्यक्ष खड्का, स्थानीय राजनीतिक दलका प्रतिनिधिलगायत सरोकारवालाको उपस्थिति रहेको थियो । चुरियामाई गाविसका पूर्वउपाध्यक्ष मीनबहादुर थपलियाको स्मृतिमा प्रतिष्ठान गठन भएको हो ।

थपलियाको २०६२ साल असार ६ गते तत्कालीन माओवादी बिद्रोहीले हत्या गरेको थियो । थपलियालाई समकालीनहरुले विकासप्रेमी नेताका रुपमा स्मरण गर्ने गरेका छन् । थपलिया २०४९ को स्थानीय निर्वाचनमा तत्कालीन चुरियामाई गाविसको २ नम्बर वडाअध्यक्ष निर्वाचित भएका थिए भने २०५४ को निर्वाचनमा गाविस उपाध्यक्ष निर्वाचित भएका थिए ।

## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०८० साल जेठ १४ गते हेटौंडा-४ हुप्रचौरमा पार्किङ्ग गरिरहेको अवस्थाबाट दिउँसो अं. ४:०० बजेको समयमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बागमती प्रदेश नं. ०३-००५ प ४४८२
**मोटरसाइकल धनीको नाम:** सुमन सिंह गोङ्वा
राक्सिराङ्ग गाउँपालिका-४, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर, २०० सीसी
**मोटरसाइकलको रंग:** कालो/खैरो
**चेचिस नम्बर:** MD2A36FX9MCH95313
**इन्जिन नम्बर:** JLXCMH92021
**सम्पर्क फोन नम्बर:** ९८५५०७९३६६




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना